# अछाम जिल्लाको सदरमुकाम 'मंगलसेन' को युद्ध

सुदुर पश्चिमाञ्चलको अछाम जिल्ला नेपाली सेनाको ५ बाहिनी अड्डाको जिम्मेवारी क्षेत्र भित्र पर्दछ । मंगलसेन यस जिल्लाको सदरमुकाम हो । यसको पूर्वमा जुपु र काला गाउँ, पश्चिममा सिम्री, उत्तरमा कालिका र दक्षिणमा जनाली गाउँहरु पर्दछन् । नेपाली सेनाको कुनै पनि अंग तैनाथ नभएको र माओवादी विद्रोहीको[1] कृयाकलापमा क्रमशः बृद्धि भई सुरक्षा व्यवस्थामा नै खलल पुग्न सक्ने स्थिति श्रृजना भएपछि उक्त जिल्लाको प्रमुख जिल्ला अधिकारीको लिखित अनुरोधमा सदरमुकाम मंगलसेन सुरक्षार्थ ५ बाहिनी अड्डा अन्तरगत धनगढी स्थित श्री गोरखनाथ गणबाट १ (से.मु.) सेना मुख-४० जना जति फोज मिति २०५७ आश्विन २८ गतेदेखि तैनाथ रही आएको थियो । विद्रोहीहरुले मंगलसेनमा गरेको आक्रमणको उद्देश्य निम्न हुन सक्ने देखिन्छ :-

क) कालीकोट, अछाम तथा डोटी जिल्लाहरुमा माओवादीहरुको संगठन सुदृढ गरी आफ्नो पकड कायमै राख्न ।

ख) छापामारको त्यस बखतको गिर्दो मनोवदल उठाउनुको साथै आफ्नो अस्तित्व देखाउन ।

ग) श्री ५ को सरकारमाथि मनोबैज्ञानिक दवाब श्रृजना गर्न ।

घ) हतियार, गोलीगठ्ठा तथा अर्थ संकलन गर्न ।

**विद्रोहीहरू बारेको खबर** :

मिति २०५८ साल माघ ३० गते अछाम जिल्लाको कालिकास्थान गा.वि.स. र उक्त जिल्लाको सीमामा पर्ने दैलेख जिल्लाको राकम गा.वि.स. को जंगल ईलाकामा ठुलो संख्यामा विद्रोहीहरुको गतिविधि देखिएको खबर प्राप्त भएको थियो । उक्त स्थानमा आक्रमणको लागि देहाय बमोजिमको छापामारहरुको परिचालन भएको बुझिएको :-

क) मंगलसेन आक्रमणको लागि कालिकोट, दैलेख, रुकुम, रोल्पा, सल्यान, जाजरकोट, अछाम तथा सुर्खेत गरी १ बटालियन प्लस छापामार फौज ।

ख) सांफेबगर आक्रमणको लागि डोटी, बझाङ्ग, बाजुरा तथा जुम्ला गरी १ कम्पनी प्लस छापामार फौज ।

[1] उस बखत श्री ५ को सरकारले माओवादीहरुलाई आतंककारी घोषणा गरेको थियो । त्यो भन्दा राम्रो शब्द विद्रोही राखिएको हो । सैनिक इतिहास लेखनमा संसारमा जहाँ पनि उस बेलाको सरकारको निर्णय बमोजिम दुष्मन, सत्रु, आंतककारी, विद्रोही जस्ता शब्द प्रयोग गरिन्छ ।

**सेनाको सुरक्षा व्यवस्था** :

मोओवादी विद्रोही गतिविधिमा बृद्धि भएको र माओवादीहरुको भेला (Concentration) ठुलो संख्यामा हुन लागेको खबर २०५८ माघ ३० गते प्राप्त भएको र संभावित आक्रमणलाई दृष्टिगत गरी उच्चस्तरको सजगता र सतर्कता अपनाउन निर्देशन दिए अनुसार पश्चिमी पृतनाले थप हतियार, गोलीगट्ठा सहित एक सेक्सन (११ जना) को संख्याको फौजले उक्त पोष्टमा रिइन्फोर्समेण्ट गरेको ।

घटना घट्नु पूर्व उक्त पोष्टको सुरक्षाको लागि अधिकृत २, पदिक २ (प्राविधिक सु. १ सहित), अन्य दर्जा ५३ र फाल्वर्स १ गरी कुल संख्या ५८ जना तैनाथ रहेको थियो ।[२] पेरिमिटर वरिपरी १४ ट्रेन्च (खाल्डा)हरु तयार गरी माओवादी विद्रोहीहरुको हमलालाई प्रतिकार गर्ने व्यवस्था मिलाइएको ।

**युद्ध** :

मिति २०५८ फाल्गुन ५ गतेको विहानको करिब ०१:१५ बजे ५ बाहिनी अड्डालाई अछाम जिल्ला सदरमुकाम स्थित सुरक्षा फौजमाथि विद्रोहीहरु एक्कासी सम्पर्क बिच्छेद गराएका थिए ।

पश्चिमी पृतना हे.क्वा.को प्रतिवेदन, घटनास्थलको अवलोकन तथा विश्लेषण अनुसार माओवादी विद्रोहीहरुको आक्रमणको तर्तिव देहाय अनुसार रहेको बुझिएको :-

क) मिति २०५८ फाल्गुन ५ गते विहानको करिब ०१:०० बजे माओवादी विद्रोहीहरुले सरप्राइज हांसिल गरी सदरमुकाममा सर्वप्रथम शाही नेपाली सेनाको वेशमाथि आक्रमण गरेको ।

ख) उक्त आक्रमणमा अन्दाजी ८०० जना हतियारधारी र २५०० जना जनमिलिशियाले भाग लिएको भन्ने बुझिएको ।

ग) आक्रमणको दौरान Improvised Explosive Devices (IED) को अतिरिक्त शाही नेपाली सेना तथा प्रहरीबाट विगतमा लुटेका हतियारहरु अधिकतम रुपमा प्रयोग गरेको ।

घ) विद्रोहीहरुले ४० मिलि मिटर (मि.मि.) रकेट लन्चरलाई दक्षिणतर्फ र लाइट मेसीन गन (एल.एम.जी) हरुलाई उत्तरतर्फ तैनाथ गरी एक्कासी आक्रमण गर्नुको साथै अधिकतम मात्रामा फायर गरी सुति रहेका सैनिक जवानहरुलाई अधिकतम क्षती पुऱ्याएको । साथै अधिकतम फायरको कारण पेरिमिटरको ८ ओटा पोष्टामा तैनाथ १६ जना सेन्ट्रीहरुले प्रतिकार गरे तापनि आक्रमण रोक्न नसकेको ।

ङ) सपोर्ट फायरको मद्दतले बृहत मात्रामा IED प्रयोग गरी जनिमिलिशियाहरुलाई अगाडी राखी Human Wave Tactics अपनाई आक्रमण गरेको ।

---

[२] अधिकृत भन्नाले सहायक सेनानी देखि प्रधानसेनापति सम्मका, पदिक भन्नाले जमदार, सुवेदार र सुवेदार मेजर सम्म, अन्य दर्जा भन्नाले सिपाही देखि हवल्दार मेजर सम्म र फातवर्स भन्नाले बन्दोवस्ती काममा सगाउने व्यक्ति भन्ने बुझाउँदछ ।

च) हमलाको लागि जमिनको सही प्रयोग गर्दै माथिबाट तलतिर (Down Hill) हमला गरेको ।

छ) माओवादी विद्रोहीहरुले छानेको भाग्न सक्ने बाटोहरुमा हदम भेषमा गोठाला वा स्थानीय व्यक्तिको रुपमा हतियार सहित तैनाथ गरेको । जसले गर्दा हेलिकप्टरहरु मंगलसेनको नजिक ल्याण्ड गर्न नसकेको ।

ज) केही संख्यामा रोल्पालीहरु निर्माण कार्यमा कामदार भई अछाममा रहेकोमा तिनीहरुलाई समेत परिचालन गरेको बुझिएको ।

झ) वीरगति प्राप्त गरेको सैनिक व्यक्तिहरुको शबलाई हेर्दा घाइतेहरुलाई निर्ममतापूर्ण ढंगबाट हत्या गरेको देखिएको । साथै १६ जनाको शवको अनुहारलाई चिन्न नसकिने गरी जलाई दिएको । उक्त युद्धमा वीरगति प्राप्त गर्ने तथा घाइते हुने सैनिक व्यक्तिहरुको नामावली निम्न रहेको छन् :-

| सि.नं. | युनिट | दर्जा | नाम | कैफियत |
|---|---|---|---|---|
| १. | श्री गोरखनाथ गण | सहसेनानी | रमेश सिंह बोहरा | |
| २. | श्री गोरखनाथ गण | सहायक सेनानी | भीम बहादुर प्याकुरेल | |
| ३. | श्री गोरखनाथ गण | सुबेदार | राम बहादुर थापा | |
| ४. | स्थपति ई.आर.ई | प्राविधीक सुवेदार | रामशरण अधिकारी | |
| ५. | श्री गोरखनाथ गण | हुद्दा (हु.) | राम प्रसाद मरासैनी | |
| ६. | श्री गोरखनाथ गण | हुद्दा | बुद्ध बहादुर कुमाल | |
| ७. | श्री गोरखनाथ गण | हुद्दा | उदय नाथ खनाल | |
| ८. | श्री गोरखनाथ गण | हुद्दा | दिल बहादुर सुवेदी | |
| ९. | श्री गोरखनाथ गण | अमल्दार | आङ्गदाबा शेर्पा | |
| १०. | श्री गोरखनाथ गण | अमल्दार | रमेश कुमार कार्की | |
| ११. | श्री गोरखनाथ गण | अमल्दार | चेत बहादुर था.म. | |
| १२. | श्री गोरखनाथ गण | अम. | दिल बहादुर धिमाल | |
| १३. | श्री गोरखनाथ गण | अम. | ध्रब बहादुर रा.म. | |
| १४. | श्री गोरखनाथ गण | प्युठ | इमानध्वज कार्की | |
| १५. | श्री गोरखनाथ गण | प्युठ | हरेराम महतो | |
| १६. | श्री गोरखनाथ गण | प्युठ | धन बहादुर तामाङ्ग | |
| १७. | श्री गोरखनाथ गण | प्युठ | ईश्वर सिंह कुँवर | |
| १८. | श्री गोरखनाथ गण | प्युठ | मान बहादुर श्रेष्ठ | |
| १९. | श्री गोरखनाथ गण | प्युठ | चन्द्र बहादुर कडेल | |

| | | | | |
|---|---|---|---|---|
| २०. | श्री गोरखनाथ गण | प्यठ | तेज बहादुर श्रेष्ठ | |
| २१. | श्री गोरखनाथ गण | सिपाही | नारायण घिमिरे | |
| २२. | श्री गोरखनाथ गण | सिपाही | भुवन खड्का | |
| २३. | श्री गोरखनाथ गण | सिपाही | श्याम बहादुर बस्ताकोटी | |
| २४. | श्री गोरखनाथ गण | सिपाही | नवराज कार्की | |
| २५. | श्री गोरखनाथ गण | सिपाही | बीरेन्द्र राय | |
| २६. | श्री गोरखनाथ गण | सिपाही | भिम बहादुर खड्का | |
| २७. | श्री गोरखनाथ गण | सिपाही | शिबहरि बस्नेत | |
| २८. | श्री गोरखनाथ गण | सिपाही | टोप बहादुर पोडे | |
| २९. | श्री गोरखनाथ गण | सिपाही | तेज बहादुर अधिकारी | |
| ३०. | श्री गोरखनाथ गण | सिपाही | शालिकराम ढुङ्गाना | |
| ३१. | श्री गोरखनाथ गण | सिपाही | नरेन्द्र बहादुर मल्ल | |
| ३२. | श्री गोरखनाथ गण | सिपाही | बशन्तराज मल्ल | |
| ३३. | श्री गोरखनाथ गण | सिपाही | भानुभक्त अधिकारी | |
| ३४. | श्री गोरखनाथ गण | सिपाही | पूर्ण बहादुर धिमाल | |
| ३५. | श्री गोरखनाथ गण | सिपाही | गोकुल कार्की | |
| ३६. | श्री गोरखनाथ गण | सिपाही | कृष्णमान श्रेष्ठ | |
| ३७. | श्री गोरखनाथ गण | सिपाही | प्रेम बहादुर श्रेष्ठ | |
| ३८. | श्री गोरखनाथ गण | सिपाही | भुवन दोर्जे | |
| ३९. | श्री गोरखनाथ गण | सिपाही | प्रेम कुमार श्रेष्ठ | |
| ४०. | श्री गोरखनाथ गण | सिपाही | शरण बहादुर तामाङ्ग | |
| ४१. | श्री गोरखनाथ गण | सिपाही | उद्धब श्रेष्ठ | |
| ४२. | श्री गोरखनाथ गण | सिपाही | हरिलाल रोकाया मगर | |
| ४३. | श्री गोरखनाथ गण | सिपाही | दिपेन्द्र बहादुर चन्द | |
| ४४. | श्री गोरखनाथ गण | सिपाही | राम बहादुर थापा | |
| ४५. | श्री गोरखनाथ गण | सिपाही | झुमनाथ सापकोटा | |
| ४६. | श्री गोरखनाथ गण | सिपाही | राम बहादुर थापा | |
| ४७. | श्री गोरखनाथ गण | सिपाही | तारक बहादुर के.सी. | |
| ४८. | श्री गोरखनाथ गण | सिपाही | चन्द्र प्रसाद भट्टराई | |
| ४९. | श्री गोरखनाथ गण | सिपाही | टंक कुमार श्रेष्ठ | |

| | | | | |
|---|---|---|---|---|
| ५०. | श्री गोरखनाथ गण | सिपाही | मोहन कुंवर | |
| ५१. | श्री गोरखनाथ गण | सिपाही | ख्याम मरासैनी | |
| ५२. | श्री गोरखनाथ गण | सिपाही | अमृत राई | |
| ५३. | श्री गोरखनाथ गण | सिपाही | रमेश कार्की | |
| ५४. | श्री गोरखनाथ गण | सिपाही | रामजी गोदार | |
| ५५. | श्री गोरखनाथ गण | सिपाही | कान्छा लामा | |

**घाइते हुने**

| | | | | |
|---|---|---|---|---|
| १. | श्री गोरखनाथ गण | सिपाही | कृष्णदत्त भट्ट | |
| २. | श्री गोरखनाथ गण | सिपाही | कान्छा लामा | |

ञ) आक्रमण पश्चात माओवादी विद्रोहीहरुले उक्त सेनामुखमा भएको शाही नेपाली सेनाको सम्पूर्ण हतियारहरु लुटेर लगेका थिए । लुटेर लगेको हतियारहरुको विवरण निम्न रहेको छ :-

| सि.नं. | हतियार | नाल | कैफियत |
|---|---|---|---|
| १. | ७.६२ एम. एम. एस.एल.आर. | ३८ | |
| २. | ९ एम. एम. एस. एम. जि. | १२ | |
| ३. | ७.६२ एम. एम. एल. एम. जि. | ७ | |
| ४. | २" मोर्टर | १ | |
| ५. | ७.६२ एम.एम.जि.पि.एम.जि | १ | |

**घटनापछिको कारवाही :**

पश्चिमी पृतनाले मंगलसेनमा आक्रमण भएको जानकारी प्राप्त हुनासाथ सदरमुकाम सुरक्षा फौजलाई मद्दत गर्न तथा भागेका माओवादी विद्रोहीहरुलाई बर्बाद गर्न निम्न कारवाही संचालन गरेको थियो :-

क) नेपालगन्जमा रहेको शाही नेपाली सेनाको MI-17 हेलिकप्टर २ तथा निजी कम्पनीको MI-17 हेलिकप्टर २ बाट एकै पटक ४ (से.मु.) सेनामुख[३] संस्थाको फौज मिति २०५८ साल फाल्गुन ५ गतेको ०६५० बजे मंगलसेनतर्फ उडेको । साथै थप मद्दतको लागि डोटीमा रहेको गनसिप हेलिकपटर १ परिचालन गरिएको ।

---

[३] सेनामुखमा ४० जना, सेक्सन (पत्ति) मा ११ जना र गुल्ममा १३० जना सम्म संख्या रहन्छन् ।

ख) करिव ०७:०५ बजे मंगलसेन माथि उडेको हेलिकप्टरलाई जमीनबाट फायर आउनुको साथै मंगलसेन स्थित सरकारी कार्यालयहरुमा लागेको आगोको कारण निक्लेको धुँवाको मुस्लोहरुले गर्दा हेलिकप्टरले मंगलसेनबाट करिव ५ कि.मि. उत्तर-पश्चिमको ईलाकामा फौजहरु ड्रप गरेको ।

ग) उक्त फौजहरु एड्भान्स गरी ११:२० बजे घटनास्थलमा पुगी सर्चको कारवाही शुरु गरेको ।

घ) मिति २०५८ साल फाल्गुन ५ गतेको झम्के साँझ सम्म (लाष्ट लाइट) श्री पश्चिमी पृतनाले सदरमुकाममा रहेको बाहिनी ट्याक्टिकल हे.क्वा. सहित ४ से.मु. गरी जम्मा १६ से.मु. संख्या फौज तैनाथ गराएको ।

विद्रोही पक्षको युद्धकला :-

क) विद्रोहीहरुले पहिलेको जस्तो होहल्ला र रांके जुलुस गरी आउनुको सट्टा सरप्राईज हांसिल गर्न पोष्टको नजिकसम्म चुपचाप साथ आएको ।

ख) आक्रमणमा आएको उनिहरुको फौज २ दिनसम्मको बाटो हिडेर आएको बुझिएको र सो ठाउँमा योजना तथा समन्वय गरी १ दिनको बाटोमा बोड फाँड गरी हिड्ने ठाउँ (Realese Point) राखी तीनवटै दिशाबाट आक्रमणकारीहरु परिचान भएको ।

ग) मुख्य Objective सदरमुकाम मंगलसेनलाई र दोश्रो अव्जेक्टिभको रुपमा सांफेबगरमा तैनाथ प्रहरी चौकीलाई छानेको ।

घ) मुख्य अब्जेक्टिभ आक्रमण गर्दा पहिलो तहमा सुरक्षा सेनामाथि हमला गरेको र तत्पश्चात सदरमुकाम स्थित प्रहरी, प्रशासनिक तथा अन्य सरकारी निकायहरुमाथि हमला गरेको ।

ङ) मुख्य अब्जेक्टिभको आक्रमण विफल भएमा पनि सोही ईलाकाको दोश्रो अब्जेक्टिभमा सफल हुने हिसाबले साँफेबगरमा पनि आक्रमण गरेको र हमलापछि दुवै टोलीहरुको मिलाप (लिंकअप) भएको ।

च) सुरक्षा सेनाको संचारको व्यवस्था (कम्युनिकेशन) तोड्न नसकिएमा सेनाको माथिल्लो फर्मेशनबाट लगातार निर्देशन आई रहने र मोरालमा गिरावट नआउने निचोड निकाली पहिलो तार्गेट सेनाको मिलाप केन्द्रलाई बनाई सम्पर्क बिच्छेद गरिदिने रणनीति लिएको ।

छ) सुरक्षा सेनालाई बिफल तुल्याई सकेपछि सेनाको थप आउने पद्दत (हेलि लिफ्ट)लाई इङ्गेज गर्न र योजना मुताविक थप फौज तैनाथ हुन नदिन त्यस्ता ठाउँहरुलाई फायर तथा विष्फोटक पदार्थहरुले कभर गरी राखेको ।

सेनाको कमजोरी :-

क) माथिल्लो निकायबाट माओवादी विद्रोही सम्वन्धी प्राप्त खवरहरु तथा दिएको निर्देशनहरुलाई सही ढंगले मूल्याङ्कन नगरेको ।

ख) अन्य सुरक्षा निकायहरु बीच राम्रो समन्वयको अभाव देखिएको ।

ग) तैनाथ रहेको ईलाकाको जमिनी बनावटको सैनिक सोच विचार (Appreciation) मा कमी भई सही ढंगबाट उपयोग नगरेको ।

घ) पेरिमिटर सुरक्षाको लागि तयार गरीएका सबै ट्रेन्चहरुको प्रयोग नभई जम्मा ८ वटाको मात्र प्रयोग गरेको देखिएको । उक्त सबै ट्रेन्चहरु स्तरयुक्त नहुनाको साथै सबै ट्रेन्चहरु बीच मिलाप काम राख्न कम्युनिकेशन ट्रेन्च नभएको ।

ङ) सुरक्षा घेरा साँघुरो भएको र सही तरिकाले अब्स्टेकलको लेआउट नगरेको ।

च) ट्रेन्चबाट बाधा अवरोध (अब्स्टेकल) ज्यादै टाढा र रातमा फायरले कभर नगरिएको ।

छ) तुरुन्त खबर गर्ने (अर्लि वार्निङ्ग सिस्टम) व्यवस्था नगरिएको ।

ज) वरपरको ईलाकामा पट्रोलिङ्ग गराई अधिनमा राख्न नसकिएको साथै ६०/७० गज टाढा रहेको डोमिनेटिङ्ग ग्राउण्डमा फौजहरु तैनाथ नगरिएको ।

झ) रातको समयमा बास्तविकतामा आधारित भई स्टाण्ड टु को अभ्यास नगरिएको ।

ञ) रातको समयमा सबै सतर्क नभई एक चौथाई व्यक्तिहरुमात्र तयारी हालतमा चपटेको रुपमा बस्ने गरेको ।

ट) आफूसंग भएको मीडिएम मेसीन गन (एम.एम.जि.) जस्ता हतियार तैनाथ नगराई कोतमा राखेको ।

ठ) एस.ओ.पि. अनुसारको गृनेड, गोलीगट्ठा तथा मेग्जीनहरु बितरण नगरी समूह समूहमा राख्नुको साथै मेग्जीनहरु सबै नभरिएको ।

ड) ओ.पि./एल.पि. को सही स्थानमा तैनाथ नहुँदा विद्रोहीहरुको कृयाकलाप बारे पूर्ब जानकारी हुन नसकी अन्तिम अवस्थामा फायर खोलेपछि मात्र थाहा हुन आएको ।

ढ) सेन्ट्रीहरुको सर्पोटको लागि फौजहरु तुरुन्त परिचालन हुन नसकेको ।

**भविष्यलाई मनन गर्ने पाठ :**

क) स्थान विशेषका सैनिक कमाण्डरहरुले प्राप्त श्रोत र साधनहरुको उचित प्रयोग गरी आफ्नो डिफेन्स मजबुत पार्न पहिलो प्राथमिकता दिनुपर्ने र डिफेन्स कहिल्यै पनि पूर्ण रुपमा तयार हुँदैन भन्ने कुरालाई मनन गरी इम्प्रोभाइजेशनको प्रयोग सहित तयारीमा निरन्तरता दिनुपर्ने ।

ख) आफ्नो फौजको लोकेशन नजिकै कुनै डोमिनेटिङ्ग फिचरहरु भएमा त्यसलाई Physically occupy गर्न अब्जरभेसन पोष्ट/लिस्निङ पोष्ट खटाउनु पर्ने र हटने कार्य पर्छ (विथड्रल) गर्नको लागि सुरक्षित योजना तर्जुमा गर्नुपर्ने ।

ग) अब्स्टेकललाई हरहमेशा फायरले कभर गरेको हुनुपर्ने र अब्स्टेकल र ट्रेन्चको बीच उचित दुरी राख्नुपर्ने । यसले गर्दा विद्रोहीहरुले फ्याकेको सकेट बमबाट हुने क्षतिलाई न्यून गर्नुको साथै फौजले गर्ने कारवाहीमा Cushion प्रदान गर्दछ ।

घ) फौजलाई चुस्त राख्न र आत्मविश्वासमा बृद्धि गराउन विभिन्न दिशाबाट विद्रोही हमलाको परिकल्पना गरी वास्तविक घटनामा आधारित रही ब्रिफिङ्ग र कार्यान्वयनको रिहर्सलमा निरन्ताता दिने ।

ङ) कुनै पनि क्षण विद्रोहीहरुबाट हमला हुनसक्छ भन्ने कुरा फौजहरुलाई बोध गराई सदैब सजग र सतर्क रहने र रहन लगाउने ।

च) सवै सुरक्षा निकायहरु बीच राम्रो समन्वय गरी प्राप्त खवरहरुलाई राम्रोसंग विस्लेषण गर्ने ।

छ) सकेसम्म अधिकतम् ईलाकालाई आफ्नो अधिनमा राख्न हरहमेशा प्रयत्नशिल रहने ।

ज) खबर संकलन गर्नको लागि नेपाली सेनालाई मद्दत गर्ने स्थानीय सहयोगहरुको पहिचान र एकिन गरी गोप्य रुपमा खबर प्राप्त गर्न योजना बनाई खबर संकलनमा निरन्तरता दिने ।

झ) गृनेड, गोलीगट्ठा तथा मेग्जीनहरु जवानहरुलाई वितरण गरी तुरुन्त फायर गर्न सक्ने गरी राख्ने र प्रयोग भई सकिने अवस्था आएमा थप गोलीगट्ठा वितरणको योजना गरी (रिहर्सल) अभ्यास गर्ने ।

ञ) एल.एम.जि. तथा एम.एम.जि. जस्ता हतियारहरुलाई विद्रोहीहरु आउन सक्ने मुख्य मुख्य एप्रोच (Most likely) मा कभर गर्ने गरी तैनाथ गर्ने र रातमा फिक्स लाइन लगाई राख्ने । तर केही फायर पावर विद्रोहीहरुले झुक्याउन सक्ने खतरनाक एप्रोच (Most dangerous)हरुको लागि पनि छुट्याउने ।

अन्तमा,

यस युद्धमा नेपाली सेनातर्फ प्रसस्त क्षती पुग्न गएको छ । सुरक्षा निकायहरु बीच राम्रो समन्वय नहुनु र प्राप्त खवरहरुलाई राम्रोसंग विश्लेषण गरी स्थान विशेषका कमान्डर सुरक्षा व्यवस्थालार्य सुदृढ बनाउन नसक्नाले नै मंगलसेनमा तैनाथ सुरक्षा से.मु.ले माओवादी विद्रोहीहरु विरुद्ध सफल रुपमा प्रतिकार गर्न सकेन ।

# रोल्पा जिल्लाको 'गाम' को युद्ध

मिति २०५८/१२/११ गते संचालन भएको राप्ती शिशिर सैनिक कारवाही पश्चात् सुरक्षा फौजले गरेको कारवाहीबाट गाउँलेहरु माथि सुरक्षाको प्रत्याभूति र राम्रो प्रभाव पार्न सकेकोले स्थानीय प्रशासनबाट उक्त ईलाकामा सुरक्षा फौज तैनाथ गर्न बारम्बार अनुरोध भएको थियो । सुरक्षा फौज माथि विश्वास बढ्दै गएकोले जंगलमा लुकिछिपी बस्ने गरेको माओवादी विद्रोहीका समर्थकहरुले आत्मसमर्पण गर्ने क्रम बढ्दै गएको थियो । तसर्थ उक्त स्थानमा संयुक्त सुरक्षा फौज राख्ने निर्णय भए अनुसार नेपाली सेनाको गोरख बहादुर गणबाट सेनानी श्री निलकण्ठ खड्काको कमाण्डमा शाही नेपाली सेनाका जनपदका ६१ र सशस्त्र प्रहरीतर्फका ४७ गरी जम्मा १८६ को संख्या तैनाथ भएको थियो ।

संयुक्त फौज रहेको तत्कालिन आधार शिविर स्थललाई पूर्व, उत्तर र पश्चिम हुँदै गाजा खोलाले र पूर्व, दक्षिण र पश्चिम हुँदै गाम खोलाले छुट्याएको छ । गाजा खोलाको बाहिरी भागमा "भित्री गाम" र गाम खोलाको भित्री भागमा "बाहिरी गाम" भन्ने गाउँहरु पर्दछन् । यी दुई खोलाको बीच भागको करीब ३/४ विगाहा क्षेत्रफलको जमिनमा आधार शिविर खडा भएको थियो । यसको जमिनी बनावट पूर्वबाट पश्चिमतर्फ भिरालो पर्दै गएको छ र पश्चिमी र दक्षिणी भाग कान्ला कान्ला परेको छ ।

विद्रोहीहरुको लक्ष्य निम्न हुन सक्दछन्:-

क) लिस्ने लेकमा गरिएको सफल सैनिक कार्वाहीको प्रतिशोध लिन ।

ख) गाम माओवादी विद्रोहीहरुको मुख्य केन्द्रविन्दुको रुपमा रहेको र उक्त स्थानमा फौजहरु तैनाथ भएमा उनीहरुको प्रतिष्ठामा नै आंच आउने ठानी सुरक्षा फौज र अन्ततोगोत्वा सरकारलाईनै चुनौति दिन ।

ग) सुरक्षा फौजको मनोवल नष्ट पार्न र महत्वपूर्ण हातहतियार तथा युद्ध सामाग्रीहरु संकलन गर्न ।

घ) श्री ५ को सरकारले संचालन गर्न लागेको आन्तरिक सुरक्षा तथा विकासको कार्यक्रमलाई लागु गर्न नदिई आफ्नो प्रभुत्व कायमै राख्न ।

**पूर्व संकेतहरू** :

लिस्ने लेकमा माओवादी विद्रोहीहरुको सेल्टरमा सफल सैनिक कार्वाही गरिएपछि माओवादीहरु तितर बितर भई भाग्ने क्रममा बिभिन्न दिशाबाट पुनःबडाचौर र हेर्जिङ्गमा एकत्रित भएको ।

**सेनाको आधार शिविरको सुरक्षा व्यवस्था** :

गाम आधार शिविरको पेरिमिटरमा कांडेतारको बार तथा IED केही पनि नलगाएको हुँदा जो कोही व्यक्तिहरु आवत जावत गर्न सक्ने गर्न सक्ने थियो । आधार शिविर सुरक्षाको निमित्त पुरै संख्या आधार

शिविरमा भएको समयमा बेलुका २०:०० बजेसम्म डबल पालो राख्ने गरेको थियो र एल.पि. पनि पूर्व, पश्चिम र दक्षिण तीन पाटामा राख्ने गरेको थियो । आधार शिविर भित्र ३४ वटा बिभिन्न ट्रेन्च रहेकोमा त्यस मध्य १२ वटामा गोरख बहादुर गणले, १२ वटमा जनपद प्रहरीले र १० वटामा सशस्त्र प्रहरीले पालो (Occupy) लिएका थिए । गाममा भएको पुरा संख्या १८६ मध्ये १/६१ को संख्या लिस्ने घटना पछि लिस्नेबाट भागेका माओवादीलाई एम्वुश/व्लकिङ्ग थाप्न सिउरी ईलाकामा गएकोले आधार शिविरमा संख्या कम भई १४/१५ वटा ट्रेन्चलाई खापेर डिउटी गरिएको र एल.पि. पनि हेलिप्याड ईलाकामा मात्र राखिएको थियो ।

**व्यारेक वरी परिको अवस्था** :

क) **पूर्वपाटाः** यस पाटामा बिहान ०६:०० बजे देखि बेलुका १९:०० बजेसम्म हेलिप्याड भन्दा माथिल्लो डांडामा ओ.पि. राख्ने व्यवस्था गरेको । सोहि स्थानमा रातमा १९:३० बजेबाट ०२:०० बजे सम्म १/१४ को संख्यामा एल.पि. राख्ने गरेको ।

ख) **पश्चिमपाटाः** यस पाटाको पेरिमिटरबाट करीव ५०० गजको दुरीमा रातको २००० बजेबाट ०१:०० बजे सम्म १/१४ को संख्या एल.पि. राख्ने गरेकोमा व्लकिङ्ग पोजिशनमा बाहिर गएपछि फौजको कमी हुन गई नराखेको ।

ग) **उत्तरपाटाः** यस पाटालाई पश्चिम पाटाको एल.पि. ले नै देखभाल गर्ने हुँदा यहाँ एल.पि. राख्ने व्यवस्था गरेको थिएन ।

घ) **दक्षिणपाटाः** पेरिमिटरबाट ३०० गज तल कान्लै कान्ला भएको जमिन भन्दा केहि तल बेलुका २०:०० बजेबाट ०१:०० बजेसम्म १/१४ को संख्यामा एल.पि. राख्ने गरेकोमा व्लकिङ्ग पोजिशन बाहिर गएपछि फौजको कमी हुन गई नराखेको ।

**व्यारेक भित्रको सेन्ट्रि पोष्टहरु** :

क) पूर्वपाटाः यस पाटामा ओ.पि., एल.पि., हेलिप्याड र जवान मेश रहेको थियो । यस पाटामा २ वटा एल.एम.जि. ट्रेन्च र ७ वटा राईफल ट्रेन्च राखिएको थियो । यस पाटाको मध्य भागमा गुल्म हे.क्वा., मीलाप टोली, रकेट लन्चर, ८१ एम.एम. र जनरल पर्पस मेसीन गन (जि.पि.एम.जि.) साईट गरिएको थियो ।

ख) पश्चिमपाटाः यस पाटामा ३ वटा एल.एम.जि. ट्रेन्च, ६ वटा राईफल ट्रेन्च थियो । यसको मध्य भागमा २" मोर्टर र कमाण्ड पोष्ट रहेको थियो भने प्रहरी तर्फको हे.क्वा. र सिग्नल टोली पनि यही अवस्थित थियो ।

ग) उत्तर पाटाः यस पाटामा २ वटा एल.एम.जि. ट्रेन्च र ६ वटा राईफल ट्रेन्च थियो ।

घ) दक्षिण पाटाः यस पाटामा २ वटा एल.एम.जि. ट्रेन्च, ६ वटा राईफल ट्रेन्च, २" मोर्टर ट्रेन्च र कमाण्डर बस्ने ट्रेन्च थियो । यहाँ मेस र राशन स्टोर पनि रहेको थियो ।

**युद्धको विवरण :**

क) गाम स्थित उक्त लोकेशनमा श्री गोरख बहादुर गण, सशस्त्र प्रहरी तथा जनपद प्रहरी सहितको संयुक्त सुरक्षा फौज जम्मा १८६ तैनाथ रहेका थिए । सो मध्येबाट मिति २०५९/१/२३ गते सह.से.श्री प्रभातमानसिंह प्रधानको कमाण्डमा १/६१ को संख्या (संयुक्त सुरक्षा फौज) सिउरी ईलाकामा ब्लकिङ्ग पोजिशनको लागि खट्टी गएको थियो । उक्त ब्लकिङ्ग पोजिशन लिस्नेको घटना पश्चातको अपरेशनको सिलसिलामा राखिएको थियो ।

ख) मिति २०५९/१/२४ गते १/१४ संख्यामा जमदार पुष्पराज थापाको कमाण्डमा आधार शिविरबाट पूर्व करिव ५०० गज टाढा हेलिप्याड रहेको स्थान तर्फ १८०० बजेबाट २३:०० बजे सम्मको लागि Listning Post (LP) गएको । सोही रातको करीव २२:१० बजे तिर LP एरिया नजिक केही बस्तु हिडेको जस्तो आवाज आएको स्थान तिर हेर्न जाँदा केही नदेखेको ।

ग) उक्त दिनमा करिव २२:२२ बजे तिर आधार शिविरको दक्षिण तर्फबाट केही बस्तु हिंडेको जस्तो आवाज सुनी मुख्य डिफेन्स पोजिशनमा भएको प्युठ. धनिनाथ गिरीले फायर खोल्नासाथ माओवादीले समेत प्रत्युत्तरमा फायर खोलेपछि दोहोरो फायरिङ्ग सुरु भएको ।

घ) LP मा खट्टि गएका सेना, सशस्त्र प्रहरी र जनपद प्रहरी समेतको सुरक्षा टोलीले फायरको आवाज सुन्नासाथ डिफेन्स लोकेशनबाट अन्तै सुरक्षित स्थानतर्फ भागेको ।

ङ) दोहोरो फायर खुल्नासाथ प्रायः सबै जनपद प्रहरीले Occupy गरेको स्थानबाट फायर नभएको स्थान र सैनिकहरु रहेको ट्रेन्चतर्फ जाँदा अधिकांशको Cross Fire मा परी मृत्यु भएको ।

च) दोहोरो फायर खुल्नासाथ माओवादी विद्रोहीले आधार शिविरमा साईट गरी राखेको जि.पि.एम.जि. र ८१ मि.मि. उपर ठुलो तादातमा फायर गरी उक्त हतियारहरुलाई पूर्णरुपले डोमिनेट गरेपछि करीव १० मिनेट जति माओवादी तर्फबाट फायर बन्द हुन गएकोले माओवादीहरु परास्त भएको भन्ने भान सुरक्षा फौजमा परेको । सोही मौकामा माओवादी विद्रोहीहरु जनपद प्रहरीले छाडेको तथा अन्य कारणले खाली भएको पूर्व, दक्षिण र पश्चिम पाटाको ट्रेन्चहरुबाट आधार शिविर भित्र प्रवेश गरेका । उनीहरुले क्याम्पमा रहेको पाल तथा छाप्रोहरु जलाइ ट्रेन्चमा रहेका सुरक्षा टोली माथि सकेट बम प्रहार गर्दै क्रल गरेर ट्रेन्चबाट यत्रतत्र घुस्न थालेपछि ट्रेन्चमा तैनाथ रहेका केही व्यक्तिहरु सुरक्षित स्थानतर्फ भागेको र केही व्यक्तिहरु निडर भई ट्रेन्चमै बसी माओवादी विद्रोहीहरुसंग मुकाविला गरिरही अन्तमा ट्रेन्चमै वीरगति प्राप्त गरेको । विद्रोहीहरुसंग भएको

मुठभेडको क्रमा वीरगति प्राप्त गर्ने, घाईते हुने तथा हराई रहेका सैनिक व्यक्तिहरुको नामावली निम्न छन् :-

| सि.नं. | युनिट | दर्जा | नाम | कैफियत |
|---|---|---|---|---|
| १. | श्री गोरख बहादुर गण | सेनानी | निलकण्ठ खड्का | |
| २. | श्री गोरख बहादुर गण | उप सेनानी | चित्र बहादुर थापा | |
| ३. | श्री गोरख बहादुर गण | जमदार | पुष्पराज थापा | |
| ४. | श्री गोरख बहादुर गण | अमल्दार | बिष्णु कुमार थापा | |
| ५. | श्री गोरख बहादुर गण | प्युठ | जीत बहादुर राई | |
| ६. | श्री गोरख बहादुर गण | प्युठ | भाईकाजी निरौला | |
| ७. | श्री गोरख बहादुर गण | प्युठ | रेवन्त बहादुर राई | |
| ८. | श्री गोरख बहादुर गण | प्युठ | रामशरण ईटनी | |
| ९. | श्री गोरख बहादुर गण | प्युठ | सोभितमान पोखरेल | |
| १०. | श्री गोरख बहादुर गण | प्युठ | राधा प्रसाद योङ्गहाङ्ग | |
| ११. | श्री गोरख बहादुर गण | प्युठ | राज कुमार खड्का | |
| १२. | श्री गोरख बहादुर गण | सिपाही (सि.) | नारायण गिरी | |
| १३. | श्री गोरख बहादुर गण | सिपाही | सन कुमार धिताल | |
| १४. | श्री गोरख बहादुर गण | हुद्दा | बद्रीनाथ अधिकारी | |
| १५. | श्री गोरख बहादुर गण | सिपाही | खेम बहादुर थापा | |
| १६. | श्री गोरख बहादुर गण | सिपाही | रेशम कुमार बि.क. | |
| १७. | श्री गोरख बहादुर गण | सिपाही | डम्वर बहादुर चौधरी | |
| १८. | श्री गोरख बहादुर गण | हुद्दा | शुक बहादुर थापा | |
| १९. | श्री गोरख बहादुर गण | सिपाही | गोबिन्द पौडेल | |
| २०. | श्री गोरख बहादुर गण | सिपाही | मदन कुमार बस्याल | |
| २१. | श्री खड्गदल गुल्म | सैन्य[४] | जय बहादुर घर्ती मगर | |
| २२. | श्री खड्दल गुल्म | सैन्य | बम बहादुर बुढा मगर | |
| २३. | श्री खड्दल गुल्म | सैन्य | झकेन्द्र बुढा मगर | |

[४] सिपाही दर्जाको लागि तालिम गरिरहेको र तालिम नसकेर पासीङ आउट नभएको सैनिक दर्जा हो ।

## घाइते हुने

| सि.नं. | युनिट | दर्जा | नाम | कैफियत |
|---|---|---|---|---|
| १. | श्री गोरख बहादुर गण | हुद्दा | कमल बहादुर तिवारी | |
| २. | श्री गोरख बहादुर गण | अमल्दार | पुरुषेत्तम खड्का | |
| ३. | श्री गोरख बहादुर गण | अमल्दार | श्रीमान कुमार श्रेष्ठ | |
| ४. | श्री गोरख बहादुर गण | अमल्दार | कृष्ण बहादुर रा.म. | |
| ५. | श्री गोरख बहादुर गण | प्युठ | नारायण सिंह तामाङ्ग | |
| ६. | श्री गोरख बहादुर गण | प्युठ | गणेश कुमार चौधरी | |
| ७. | श्री गोरख बहादुर गण | प्युठ | परशुराम शाक्य | |
| ८. | श्री गोरख बहादुर गण | प्युठ | जीत बहादुर खत्री | |
| ९. | श्री गोरख बहादुर गण | प्युठ | गोविन्द दहाल | |
| १०. | श्री गोरख बहादुर गण | प्युठ | धनीनाथ गिरी | |
| ११. | श्री गोरख बहादुर गण | सिपाही | देबिराम थनेत | |
| १२. | श्री गोरख बहादुर गण | सिपाही | नगेन्द्र शाही | |
| १३. | श्री गोरख बहादुर गण | सिपाही | पूर्ण बहादुर नागाल | |
| १४. | श्री गोरख बहादुर गण | सिपाही | नविन शम्सेली था.म. | |
| १५. | श्री गोरख बहादुर गण | सिपाही | भूमीलाल कुवर | |
| १६. | श्री गोरख बहादुर गण | पिपा | राम कुमार कार्की | |

छ) LP का केही व्यक्ति र ट्रेन्च छाडी अन्तै सुरक्षित स्थानतर्फ भागेका भोलीपल्ट Reinforcement आएपछि प्रतिवेदन गर्न आएका ।

ज) माओवादी विद्रोहीहरुले उक्त ईलाकामा भोलिपल्ट विहान १/१ गरी खोजतलास गर्दै बाँकी सुरक्षाकर्मीलाई मार्दै हतियार खोजी खोजी बटुलेर लगेका थिए ।

झ) दोहोरो फायरीङ्ग भएको करीव एक डेढ घण्टा पछि माओवादीहरुले करीव १० मिनेट जति फायर बन्द गरी खाली भएको बिभिन्न दिशाको ट्रेन्चबाट आधार शिविर भित्र ठुलो फौजले प्रवेश गरेको ।

ञ) अन्त्यमा सेनानी निलकण्ठ खड्का र उ.से. चित्र बहादुर थापा समेतले आपसमा सर-सल्लाह गरी ट्रेन्चबाट पछि हट्न लाग्दा ट्रेन्चभन्दा केही पर पुगेपछि माओवादी विद्राहीको गोलीले निज सेनानी तथा उ.से.को वीरगती भएको बुझिन आएको । त्यस पछि गाम बेश पूरै माओवादीले कब्जा गरेका

थिए । उक्त बेशमा भएका हात हतियार, गोलीगट्ठा, नियन्त्रित सामान र अन्य सामानहरु समेत लुटेका थिए । विद्रोहीहरुले उक्त बेशबाट लुटेर लगेको हतियारहरु निम्न छन्:-

| सि.नं. | बिवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १. | ७.६२ एस.एल.आर. नाल | २८ | |
| २. | ऐ. को मेग्जीन गोटा | १४० | |
| ३. | ऐ. को व्यूनेट गोटा | १ | |
| ४. | ९ एम.एम. एस.एम.जि. ना | १२ | |
| ५. | ऐ. को मेग्जीन गोटा | ७२ | |
| ६. | ऐ. को व्यूनेट | २ | |
| ७. | ७.६२ एल.एम.जि. नाल | ५ | |
| ८. | ऐ. को मेग्जीन गोटा | १२५ | |
| ९. | ऐ. को जगेडा व्यारोल | ५ | |
| १०. | ब्राउनिङ्ग पेस्तोल | १ | |
| ११. | ऐ. को म्याग्जीन | २ | |
| १२. | २ ईन्च मोर्टर नाल | १ | |
| १३. | ७.६२ जि.पि.एम.जि.नाल | १ | |
| १४. | ऐ. को लिंकस् | ४७०० | |
| १५. | ८१ मि.मि. नाल | १ | |
| १६. | ४० मि.मि. रकेट लन्चर | १ | |
| १७. | भेरी पेस्तोल नयाँ | १ | |

**सेना तर्फका बलियो पक्ष** :

क) उक्त ईलाकामा खट्टिएका फौज २०५८ चैत्र २८ गते स्कूलमा बस्ने व्यवस्था मिलाएकोमा सो स्थान प्रतिरक्षाको कारणले कमजोर भएको ठानी बैशाख ३ गते केही माथि गुम्बाडाँडामा मुभ भई डिफेन्स लिई बसेको ।

ख) गुल्मपतिको उत्कृष्ट निर्देशनमा स्थानीय स्रोत तथा साधन प्रयोग गरी छोटो समयमा नै उच्चस्तरको Fire Trench, Bunker तथा Crawl Trench तयार गरेको । Fire Trench लाई "W" आकारमा बनाइ Trench मा सकेट बमहरु टक्रेमा १ जनालाई मात्र असर गर्ने किसिमले Trench तयार गरेको ।

ग) एरिया डोमिनेशनको लागि दैनिकरुपमा आसपासको ईलाकामा दिनभरी नियमितरुपमा पट्रोलहरु पठाउने गरेको ।

घ) केही जवानहरु आत्मसमर्पण गरेर मर्नुभन्दा लडेर मर्नु उत्तम ठानी अन्तिम समयसम्म लडी आफ्नो कमान्डरको पछि हट्ने आदेशमा मात्र पछि हटेको ।

**सेनाका कमजोहरीहरू :**

क) खतरा भएको स्थान (क्याम्प) मा हुनु पर्ने भन्दा न्यूनतम फोज रहेको ।

ख) भएको जनशक्तिबाट डिफेनसको जगेडा र जवाफी हमला (लोकल काउण्टर एट्याक) को योजना र व्यवस्था नभएको देखिएको तथा मद्धति हतियारको साईटिङ्ग सिद्धान्त अनुसार नगरेको देखिएको ।

ग) पूर्व जनाउको लागि एल.पि.सो दिन एउटै दिशा तथा लोकेशनमा डिफेन्सबाट ज्यादै पर राखिएको र सो कार्यमा खटिएको जवानहरुले सुरक्षित स्थानतर्फ लागेकोले क्याम्प पुरै घेराउ गरी सकेपछि मात्र क्याम्पको जवानहरुले थाहा पाएको देखियो । १/१४ को संख्या भएको उक्त टोलीले आफ्नो डिफेन्समा हमला गर्ने माओवादी विरुद्ध हमला गर्नेतर्फ कुनै पहल नगरेको ।

घ) स्थानीय बासिन्दा तथा आत्मसमर्पण गरेका विद्रोहीहरुलाई समेत क्याम्प वरीवरी आउन छुट दिएको हुँदा क्याम्पको बारे खबर चुहावट भएको ।

ङ) पर्याप्त मात्रामा डिफेन्स स्टोरको सामान समयमा उपलब्ध हुन नसकेको । उज्यालो (Illunination) को लागि इम्प्रोभाईज्ड साधनको व्यवस्था नगरेको तथा २" मोर्टरको Illunination Round गोटा ६ मात्र भएकोले अपर्याप्त हुन गएको । अपर्याप्त Illumination तथा कान्लाको आडको फाईदा माओवादीले पूर्णरुपले लिएको ।

च) जमिनी बनावट कान्ला परेकोले साना हतियार (स्मल आर्मस)को फायर प्लन्जिङ्ग भई असरदार नभएको ।

छ) डिफेन्स पोजिशनमा कुनै पनि काँडेतार, अन्य ईम्प्रोभाईज्ड अब्स्टेकल तथा आई.ई.डि.को व्यवस्था नभएको ।

ज) दोहोरो भिडन्त शुरु भएको एकघण्टा पछिनै जिम्मेवार कमाण्डरहरुबाट फौजलाई नियन्त्रणमा राख्न नसक्नाले फौजमा अन्यौलको स्थिति आई सुरक्षित रहन बेतर्तिवरुपमा क्याम्प छाडेको र केही व्यक्तिहरु अन्तिम समयसम्म मुकाविला गरिरहेको पाईएको ।

झ) प्रहरीहरुबाट आफ्नो जिम्मेवारी ईलाकाको ट्रेन्च छोडी सेना बसेको ट्रेन्चमा आउनाले डिफेन्समको ग्याप बढ्न गई उक्त ईलाकाबाट विद्रोहीहरु घुसपैठ गर्न सफल भएको ।

ञ) उक्त ईलाकामा भएको डिफेन्शिभ ले-आउट शान्ति कालमा गरिने व्यारेकको पेरिमिटर सेक्युरीटी जस्तो भएको र भए जतिको फौजलाई Depth बिनाको एकोहोरो Circular Fahinon मा मात्र रहेकोले विद्रोहीहरुलाई डिफेन्स भित्र घुस्न ज्यादै सजिलो हुन गएको ।

ट) Listning Post (LP) / Observation Post (OP) र Protective Patrol (PP) सही तरिकाले सुहाउँदो संख्या आवश्यक दुरी तथा आवश्यक दिशामा नराखेको र कान्लाहरु नताछेको कारण माओवादीहरु Socket Bomb फाल्ने दुरी सम्मनै पत्तै नपाउने (Undetected) रुपले आउन सफल भएको ।

ठ) विद्रोहीहरुले लुटेर लगेका राउण्डको आधारमा सेनातर्फबाट मुख्य हतियारहरु जस्तै जि.पि.एम.जि., ८१ मि.मि. मोर्टर तथा २" मोर्टरहरु प्रयोग नभएको बुझियो ।

ड) ब्यारेक पेरिमीटरमा काँडेतारहरु न्यून थिए । गण हेड क्वाटर बाट डिफेन्स मजवुद बनाउन महद्दत नगरेको बुझियो ।

**भविष्यको लागि पाठ** :

क) Unified Command को अवधारणा अनुरुप सशस्त्र प्रहरी, जनपद प्रहरी तथा नेपाली सेनालाई नेपाली सेनाकै कमाण्डर राखिने भए तापनि मिश्रित फौजलाई यस प्रकारको अपरेशनमा राख्न उचित नदेखिएको । दुवै प्रहरी जनपद र शसस्त्रको लड्ने मनोवल कमजोर हुने र डिफेन्स छाड्ने गर्दा डिफेन्स कमजोर हुन गएकोले नेपाली सेनाका जवानको लड्ने Determination लाई समेत असर परेको ।

ख) माओवादीको आक्रमणशैलीलाई दृष्टिगत गरी यस्तो प्रकारको Deployment गर्दा स्थाई क्याम्प (Perimeter Security) का सिद्धान्तमा Deployment नगरी घुमुवा डिफेन्स (Tactical Defence) कै आधारमा Defence तयार गर्नुपर्ने देखिन्छ ।

ग) LP, OP र PP हरुलाई तिनीहरुको जिम्मेवारी बारे Commanderहरुले पूर्णरुपले अवगत गराएको हुनुपर्छ । Main Defence Location देखि तोकिएको Position सम्म जान आउने पहिलेनै तोकिएको Covered Approach हुनुपर्छ र तिनिहरुको Withdrawal Main Defence बाट सुहाउँदा] Fire (High Trajectory/Flat Trajectory) द्वारा Cover हुनुपर्छ ।

घ) Commander हरुले Defence लाई क्रमिक तथा निरन्तर रुपले मजबुत बनाउदै लैजानुका साथै स्रोत साधनको अभावमा Improvisation गर्नुपर्छ ।

ङ) ट्रेन्च / ट्रेन्चबीचको फासला र Depth Position बारे बिशेष ध्यान पुऱ्याई योजना गरेको हुनुपर्छ । एकोहोरो मात्र पेरीमिटर सुरक्षा भएमा ठूलो संख्यामा आएको विद्रोहीले कुनै एक प्वाईन्टबाट Penetrate गरी सजिलैसंग डिफेन्स Over चगल गर्नसक्छ ।

च) Re-adjustment तथा Counter attack को पहिले नै योजना गरी रिहर्सल गरेको हुनुपर्छ ।

छ) सुरक्षा फौजको पोजिशनहरुमा घटिमा एक गुल्म भन्दा बढि फौज हुन जरुरी देखिन्छ । साथै Obstacles तथा IEDs हरु प्रयोग हुनु अत्यन्त जरुरी छ ।

ज) सम्भावित Threat लाई बिचार गरेर मात्र कुनै लोकेशनबाट त्यहाँ अवस्थित फौजका केही अंश अन्यत्र खटाउनु पर्छ ।

झ) कुनै पनि स्थानमा फौज खटाउँदा उक्त स्थानको रेकी गर्नुका साथै फौज सो ठाउँमा केको लागि, कति समय तैनाथ हनेु, थप मद्दत पठाउँन सकिने नसकिने तथा भौगोलिक वनावट आदि जस्ता कुराहरु गंभिरतापूर्वक बिचार गर्नुपर्ने ।

सेना तर्फको ठुलो क्षति हुने डिफेन्स कमजोर हुनु प्रमुख कारण हो । माओवादीको आक्रमण विफल बनाउने कन्टिन्जेन्सी योजना बारे जवानहरुलाई कमाण्डरले जानकारी नगराएको हुँदा माओवादी विद्रोहीहरु डिफेन्सभित्र पस्नासाथ जवानहरु अन्यौलमा परी यत्रतत्र छरिई आफ्नो बचाउ गर्नेतर्फ लागेको देखिन्छ । त्यस बखत गोरख बहादुर गणका गणपति प्रमुख सेनानी (पछि) उपरथी शम्सेर ठकुराठी थिए । त्यसै गरी ४ बाहिनीपति सहायक रथी सरद कुमार नेउपाने थिए ।

# सल्यान जिल्लाको 'बुरासिया' को युद्ध

श्री नं. ४ बाहिनी अड्डाको जिम्मेवारी क्षेत्रमा पर्ने सल्यान जिल्लाको गाउँ विकास समितहरुमध्ये बुरासिया पनि एक हो । रुकुम जिल्लाको खारा आक्रमण पश्चात माओवादी विद्रोहीहरु भागेर रोल्पा र सल्यान जिल्लाको सीमानामा पर्ने सल्यान जिल्लाको झ्याम भन्ने स्थाना रहेको विद्रोहीको तालीम केन्द्र तथा मेडिकल सेन्टरमा बसी उपचार गरिरहेको खवर प्राप्त भए अनुसार पश्चिमी पृतना अन्तर्गतको फौज कारवाहकिो लागि झ्याम ईलाकातर्फ जाने क्रममा बाटोमा पर्ने बुरासियामा सुरक्षा फौजमाथि विद्रोहीहरुले आक्रण गरेको हुँदा सो को प्रतिकार गर्न सुरक्षा फौजले प्रतिकारात्मक कारवाही संचालन गर्नु परेको थियो ।

बुरासिया पूर्वमा कुकरगारे, पश्चिममा थारा, उत्तरमा दामाचौर र दक्षिण रोक्चे र झ्याम गाउँ पर्दछ । बुरासिया ईलाकाबाट पलेटी र दामाचौरतर्फ Slope हुँदै गएको छ भने झ्याम र रोक्चेतर्फ उठेको अग्लो डाँडा पर्दछ ।

**पूर्व अभ्यास** :

सल्यान, रोल्पा र रुकुम जिल्लाको सिमाना ईलाकामा बढ्दै गएको माओवादी चलखेललाई निस्तेज पारी स्थानीय जनतामा सुरक्षाको अनुभूति दिन श्री नं. ४ बाहिनी अड्डाले मिति २०५९ जेष्ठ २७ गतेबाट अपरेशन "सीमाना" संचालन गरेको थियो । त्यस जिल्लामा गुल्मपति सेनानी संजोग शम्शेर राणा र बाहिनीपति स.र. सरद कुमार नेउपाने थिए ।

फौजहरुलाई टास्क फोर्स अल्फा, टास्क फोर्स ब्राभो र टास्क फोर्स चार्ली गरी ३ वटा टोलीहरुमा विभाजन गरिएको थियो । यी टोलीहरु मध्ये टास्क फोर्स ब्राभोमा गुल्मपति संजोग राणा सहित नरसिंहदल गुल्म हे.क्वा., नरसिंहदल गुल्मको १ से.मु. तथा भैरवनाथ गणको १ से.मु. सम्मिलित थिए । फौजहरु जम्मा गर्ने क्रममा मिति २०५९ जेष्ठ २७ गतेको ०८:०० बजे नेपालगञ्ज स्थित पश्चिमी पृतना हे.क्वा. र सल्यान स्थित नरसिंहदल गुल्मबाट फौजहरुलाई हेलिकप्टरद्वारा ल्याई बाघचौरमा एकिकृत गराइएको थियो ।

टास्क फोर्स ब्राभोको अब्जेक्टिभ सल्यानको दामाचौर, कोटवडा, कोटमौला र रोल्पाको जिनावाङ्ग हुँदै पाखापानी ईलाकासम्म विद्रोहीहरुलाई सर्च गरी अघि बढ्नु थियो र मुख्य अब्जेक्टिभको रुपमा झ्यामलाई छनौट गरी फष्ट लाइटमा हमला गर्ने योजना बनाइएको थियो ।

नरसिंहदल गुल्मको टोलीले आफ्नो व्यक्तिगत हतियारको अलावा एम.एम.जि. १ नाल, २" मोर्टर १ नाल र रकेट लन्चर १ नाल लगेको थियो भने भैरवनाथ गणको से.मु.ले व्यक्तिगत हतियारको अलावा रकेट लन्चर १ नाल र २" मोर्टर १ नाल लगेको थियो ।

अपरेशनको दौरान थप फौज चाहिएमा पश्चिमी पृतना हे.क्वा.मा रहेको श्री भैरवनाथ गणको २ वटा से.मु. स्टाण्डवाई रहेको थियो ।

**युद्ध :**

क) मिति २०५९ जेष्ट २७ गते टास्क फोर्स ब्राभोको टोली बाघचौरबाट कोटमौला पुगी बुढाथोकी गाउँ र कोटमौला गाउँहरुको सर्च गर्ने कारवाही भयो ।

ख) मिति २०५९ जेष्ठ २८ गते विहान कोटमौलाबाट दामाचौरतर्फ हिंडी ०८:०० बजेदेखि दामाचौरमा रहेका गुफाहरु र राटमाटे वनको सर्चको कारवही गरी सोही ठाउँमा रात बसेर मिति २०५९ जेष्ठ २९ गतेको बिहान पुनः सर्चको कारवाही गरी १४:०० बजे फौजहरु मुभ भई १७:०० बजे बुँरासिया लेकमा पुगेको थियो ।

ग) रातको समयमा मुभ गर्दा माओवादी विद्रोहीहरुको एम्बुसमा पर्न सकिने र गाउँको पनि राम्रो ज्ञान नहुने हुँदा त्यही रात बसी फष्ट लाइटमा मुभ गर्ने योजना अनुरुप त्यही बास वस्ने (Harbor) तय गरियो । खाना पकाउने ईलाका छनौट गर्न गएको Reece टोलीले पानीको सुविधाको कारण खोंचमा एडम एरिया छनौट गरी सोही ठाउँमा हेरक व्यक्ति आफैले खाना पकाको (Self Cook) र ५०० गज दक्षिण पश्चिममा रहेको डाँडालाई अपरेशन बेसको रुपमा छनौट गरिएको थियो ।

घ) करिब १८:४० बजेतिर खाना खाई सकेपछि अपरेशन बेशमा जानको लागि फौज सामेल भएको बेला अचनाक उत्तर पश्चिमको डाँडाहरुबाट माओवादीहरुले एल.एम.जि. र जि.पि.एम.जि. द्वारा फायर खोलेका थिए ।

ङ) उक्त समयमा करिब १५०० देखि २००० सम्मको संख्यामा आएका विद्रोहीहरुले फौज सामेल भएको ईलाकालाई चारैतर्फबाट घेरी फायरिङ्ग तथा सकेट बमको फायर गर्दै अगाडि बढेका थियो ।

च) माओवादीहरुले पूर्णरुपमा सरप्राइज हाँसिल गरी खोलेको फायरको कारण फोज उपयुक्त पोजिनको खोजीमा तितरवितर भई तीनवटा ग्रुपमा विभाजन भएर नजिकमा रहेको तीवटा घरमा आड लिन पुगेको थियो ।

छ) करिव १९:४५ बजे फौजहरुले घरको आडबाट पोजिशन लिई प्रत्याक्रमण शुरु गरेपछि गुल्मपतिले घटनाको जानकारी तथा गनसिप माग गर्नको लागि मिलाप कायम राख्न (हाई ग्राउण्ड) अग्लो ठाउँमा गएको । सोही क्रममा भैरवनाथ गणको १ जवानलाई टाउकोमा गोली लागि गुल्मपतिसंग फष्ट फिल्ड ड्रेसिङ्ग गर्न मद्दत माग्दा गुल्मपतिको लोकेशन बारे माओवादीहरुले थाहा पाई उक्त स्थानमा ठूलो परिमाणमा फायरिङ्ग तथा सकेट बम फ्याकेको हुनाले गुल्मपतिसंग भएका ७ जवानहरु पुनः तितर वितर हुन पुगेका थिए । त्यसपछि गुल्मपति संजोग राणा कता गएर बसे पत्तो भएन ।

ज) करिव २१:०० बजेसम्ममा पौंचमा भएको राउण्ड र गृनेड सकिएपछि सबै टोलीहरु क्रमशः एउटै घरमा एकत्रित हुँदै गएका र क्रल गरी ठूलो झोला ल्याएको । त्यसै घरलाई आधार बनाई मेग्जीनमा एम्युनिशन भर्ने, हतियारको रोक हटाउने, घाइतेलाई प्राथमिक उपचार गर्ने र मिलाप कायम राख्ने कार्य भएको । उक्त कार्यमा गाइडको लागि साथमा लगिएका २ जना माओवादी कैदीहरुले ज्यादै सहयोग पुऱ्याएका थिए ।

झ) करिव २३:०० बजेतिर फौजले प्रयोग गरिरहेको घरको नजिकैको माथिल्लो घरमा माओवादहिरुले कब्जा जमाई लगातार फायर गरिरहेको कारण उक्त घरलाई ४० मि.मि. रकेट लन्चरबाट २ राउण्ड एच.ई.बम फायर गरी नष्ट पारेपछि विद्रोहीको फायरमा कमी आएको थियो ।

ञ) करिव २३:५९ बजेतिर गुल्मपतिले केनउड सेटबाट सल्यान सदरमुकाममा मिलाप गरी आफ्नो लोकेशन बारे थाहा नभएको जानकारी गराएको र यस अघि नै आफूहरु चारैतर्फबाट घेरिएकोले गनसिप छिटो पठाउन अनुरोध गरेकोमा बाहिनीबाट सकेसम्म फौजलाई एकत्रित गरी कमजोर ठाउँबाट माओवादीको घेरा तोडी पछाडि रहेको राम्रो जमिनसम्म जाने र फायर कन्ट्रोल अनिवार्य भन्ने निर्देशन भएको थियो ।

ट) मिति २०५९ जेष्ठ ३० गतेको ००:१७ बजे नाइटभिजन हेलिकप्टर उक्त स्थानमा आई पुगेपछि जवानहरुको मनोबलमा थप उर्जा पुगेको थियो ।

ठ) ०७:४५ बजे पश्चिमी पृतना हे.क्वा.बाट थप फौज ल्याई झ्याममा अवतरण गराउने क्रममा माओवादीहरुले जि.पि.एम.जि., एल.एम.जि. र अन्य हतियारहरुबाट हेलिकप्टरमाथि फायर खोल्न शुरु गरेपछि Casulty Evalution गर्न नसकि हेलिकप्टर नेपालगञ्ज फिर्ता भएको थियो । करिव ०९:२० बजेसम्म दोहोरो भिडन्त जारी रही थप आएको टोलीले फायर एण्ड मुभ गरी झ्याममा रहेको माओवादीहरुको फायरिङ्ग पोजिशनहरु बर्बाद गरेपछि माओवादीहरु भाग्न शुरु गरेका थिए । १०:३० बजेबाट मात्र उक्त टोलीले बुरासियामा रहेका फौजहरुलाई एकत्रित गर्ने र घाइतेहरुलाई पछाडि हटाउने कार्य शुरु गरेका थिए ।

ड) करिब १४:२० बजे थप गएको विशेष कार्यदल, भैरवनाथ गणको १ गुल्म तथा भैरवनाथ "घ" गुल्मको टोली उक्त ईलाकामा पुगी पुरै ईलाकालाई सर्च गरी हातहतियार, गोलीगट्ठा र अन्य सामानहरु जम्मा गर्ने कार्य गरेका थिए ।

**सेनाको कमजोर पक्ष** :

क) अपरेशन ईलाकामा पनि साधारण अवस्थामा जस्तो मुभ गराउनु अघि फौजहरुले ठूलो झोला साथमा नबोकि प्रतिवेदन दिएको ।

ख) सेल्फ कुकिङ्ग गरेको ईलाका दबेको जमिनमा भएको र उक्त ईलाकालाई राम्रोसंग क्लियर नगरी सेल्फ कुक गर्ने कार्य भएको ।

ग) सबै जनाले खाना बनाउने कार्यमा मात्र ध्यान दिएको हुँदा उपयुक्त संख्यामा सेन्ट्री नखट्टिएको र सेन्ट्रीले सबै ईलाकाको निग्रानी राख्न असफल भएको ।

घ) खाना खाने र बास बस्ने (Harbor गर्ने) वरिपरिको ईलाका, घर र मान्छेहरु विस्तृतमा सर्च नगरिएको र भेटेको मान्छेहरुलाई पनि शंकाको दृष्टिले नहेरिएको ।

ङ) ग्रुप, पत्ति तथा से.मु.हरुमा असरदार नेतृत्वको अभावको कारण फौजहरुमा अन्यौलको वातावरण श्रृजना भई तितर वितर भएको ।

च) फायर कन्ट्रोलको स्तर न्युन रहनुको साथै असरदार फायर गर्न नसकिएको ।

छ) भिन्न भिन्न युनिटहरु संलग्न रही कारवाहीमा भाग लिएकोमा समन्वयमा कमी देखिएको ।

ज) एक्कासी मुठभेड भएमा कहाँ जम्मा हुने भनेर Cotingency Position पहिले नतोकिएको ।

झ) रकेट लन्चरको Night Sight अपरेशनमा नलगिएको ।

ञ) दोहोरो फायरिङ्गको क्रममा हतियारमा रोक परेको ।

**माओवादीको कमजोर पक्ष** :

क) मानव ढालविना माओवादीहरु Assault मा आउन नसकेको ।

ख) माओवादी विद्रोहीहरुको फायरिङ्गको स्तर ज्यादै कमजोर भएको ।

ग) माओवादीहरुले तत्कालै योजना गरी कारवाही गर्न नसकेको ।

घ) तालिमको अभाव देखिएको ।

**सेनाको बलियो पक्ष** :

क) सल्यान गुल्मका गुल्मपति सेनानी लडाई हुनासाथ भागे । शुरुमा फौजहरु तितर बितर भए तापनि बाँकी रहेको फौजलाई भैरवनाथ गणको से.मु. पति जमदार मान बहादुर धीमालले नियन्त्रणमा लिई माओवादीको हमलालाई निरन्तर प्रतिकार गरिरहेको ।

ख) २ पटक हेलिकप्तर आउनाले फौजको हौसालमा बृद्धि भएको र माओवादीतर्फको हौसलामा कमी आएको ।

ग) ४० मि.मि. रकेट लन्चर, गृनेड र २" मोर्टरको राम्रो उपयोग गरिएको ।

घ) Shocking Fire आउँदा पनि बिचलित नभई आड लिएर एम्युनिशन बचाउदै, कन्ट्रोल गर्दै गृनेड र हतियारले पालैपालो फायर गरिएको ।

ङ) छोटो समयमा राम्रोसंग सोच बिचार गरी कार्य गरेको ।

च) विद्रोहीको हमलालाई विना कुनै कांडेतार, अब्स्ट्याकल सफलतापूर्वक निस्तेज पारी आफ्ना एम्बुसमा परेको फौज र हातहतियार सकुशल राखेको ।

छ) मेग्जीन भर्ने, फायर गर्ने, हतियारको रोक हटाउने, सफाई गर्ने र घाइते पछाडि हटाई उपचार गर्ने व्यवस्था राम्रोसंग गर्न सकिएको ।

**सेनामा भएको क्षति** :

यस घटनामा सुरक्षा फौजतर्फ श्री भैरबनाथ गणका हु.नर बहादुर थापा र प्यु.ज्ञान बहादुर श्रेष्ठ तथा श्री नरसिंहदल गुल्मका प्यु.भीम प्रसाद तिवारी र अम.बल बहादुर नाथले वीरगति प्राप्त गरेका थिए । घाईतहरुको नामावली निम्न छ :-

| सि.नं. | युनिट | दर्जा | नाम | कैफियत |
|---|---|---|---|---|
| १. | श्री भैरबनाथ गण | उपसेनानी | नवराज था.म. | |
| २. | श्री भैरबनाथ गण | जमद्दार | मान बहादुर धिमाल | |
| ३. | श्री नरसिंहदल गुल्म | हु. | केहर सिंह बस्नेत | |
| ४. | श्री नरसिंहदल गुल्म | हु. | तारा बहादुर थापा | |
| ५. | श्री भैरबनाथ गण | हु. | आश बहादुर कार्की | |
| ६. | श्री भैरबनाथ गण | अम. | तोरण सापकोटा | |
| ७. | श्री नरसिंहदल गुल्म | अम. | लोर बहादुर तामाङ्ग | |
| ८. | श्री अजयदल गुल्म | प्यु. | तेज बहादुर गाहा | |
| ९. | श्री भैरबनाथ गण | प्यु. | गगन वस्ति | |
| १०. | श्री नरसिंहदल गुल्म | प्यु. | ज्ञानहरि अर्याल | |
| ११. | श्री नरसिंहदल गुल्म | सि. | कमल चन्द | |
| १२. | श्री नरसिंहदल गुल्म | सि. | सानुदोर्जे तामाङ्ग | |
| १३. | श्री भैरबनाथ गण | सि. | खिलजंग खड्का | |
| १४. | श्री भैरबनाथ गण | सि. | मन बहादुर रा.म. | |
| १५. | श्री नरसिंहदल गुल्म | सि. | अर्जुन श्रेष्ठ | |
| १६. | श्री नरसिंहदल गुल्म | सि. | बीर बहादुर गोदार | |
| १७. | श्री नरसिंहदल गुल्म | सि. | जीवश मण्डाल | |
| १८. | श्री भैरबनाथ गण | सि. | ईश्वर राना मगर | |

| | | | | |
|---|---|---|---|---|
| १९. | श्री भैरबनाथ गण | सि. | शिब कुमार श्रेष्ठ | |
| २०. | श्री भैरबनाथ गण | सि. | सिताराम कुमाल | |
| २१. | श्री नरसिंहदल गुल्म | सि. | लोक बहादुर बस्नेत | |
| २२. | श्री नरसिंहदल गुल्म | सि. | सुन्दर सिंह साउद | |
| २३. | श्री भैरबनाथ गण | सि. | गोकर्ण अधिकारी | |
| २४. | श्री नरसिंहदल गुल्म | सि. | डम्वर बहादुर बोगटी | |
| २५. | श्री नरसिंहदल गुल्म | सि. | दिल बहादुर खड्का | |
| २६. | श्री नरसिंहदल गुल्म | सि. | रमेह सिंह भण्डारी | |
| २७. | श्री अजयदल गुल्म | सि. | कृष्ण बहादुर था.म. | |
| २८. | श्री भैरबनाथ गण | सि. | राजेन्द्र सिंह नायक | |
| २९. | श्री भैरबनाथ गण | सि. | जुजुमान गुभाजु | |
| ३०. | श्री भैरबनाथ गण | सि. | लेखनाथ शर्मा | |
| ३१. | | गाइड | शेर बहादुर ओली | स्थानीय व्यक्ति |

**माओवादी विद्रोहीहरुतर्फ भएको क्षति :**

यस घटनामा माओवादी तर्फ ५१ जनाको मृत्यु भएको र धेरै ठूलो संख्यामा हताहत भएको थियो ।

**भविष्यको लागि पाठ :**

क) फौजहरु Harbor लिंदा, सेल्फ कुक गर्दा वा केही क्षण ब्रेक लिनु परेमा पनि दायाँ बायाँको ईलाकालाई राम्रोसंग अध्ययन गरेर ईलाका छनौट गर्नु अति जरुरी छ । उक्त ईलाकालाई राम्रोसंग क्लियर गरी आवश्यकता अनुसार ओ.पि./एल.पि./सेन्ट्री खटाउनु पर्ने ।

ख) हरेक हतियार तथा इक्विपमेन्टको कम्प्लिट सेट साथमा हुनुपर्ने ।

ग) हतियारमा पर्ने रोकलाई कम गर्न हतियारको राम्रो सफाई हुनुपर्ने ।

घ) Flexible Plan हुनुपर्ने ।

ङ) सबै जवानहरुलाई सर्पोटिङ्ग हतियार तथा सिंग्नलको बारेमा अनिवार्यरुपमा ज्ञान दिनुपर्ने ।

छ) जुनसुकै समयमा पनि जोडीमा हर्कत गर्नुपर्ने । एकचोटीमा एकजनाले फायर गर्ने तथा अर्कोले मेग्जीन भर्ने ।

ज) अपरेशनलाई सफल बनाउन बैकल्पिक योजना शुरुमै छनौट गर्नुपर्ने ।

झ) जुनसुकै समय र स्थानमा पनि माओवादी विद्रोहीले हमला गर्न सक्छन् भन्ने कुरा मनन् गरी सोही अनुरुप आफू र आफ्नो फोजलाई हातहतियार तथा इक्विपमेन्ट सहित तयारीमा राख्नुपर्ने ।

ञ) सैनिक कारवाहीको दौरानमा कुनै शंकास्पद व्यक्तिहरु भेटेमा त्यस्ता व्यक्तिहरुलाई आफ्नो कारवाहीको अवधिभर साथमै राख्ने वा पक्राउ गर्ने कुरा शुरुको योजनामा समावेश हुनुपर्ने ।

अन्तमा,

माओवादी विद्रोहीहरुले अप्रत्यासित रुपमा गरेको हमलालाई उक्त टोलीले सफलतापूर्वक प्रतिकार गरी विद्रोहीलाई ठूलो हानी पुऱ्यउन सफल भएको थियो । सैनिक कारवाहीको दौरान कुनै पनि समयमा योजनामा परिवर्तन गर्न र सदैव आफूलाई तयारी हालतमा राखेमा जस्तोसुकै कठिन परिस्थितिमा पनि विजय हासिल गर्न सकिन्छ भन्ने कुरामा दुइमत छैन ।

# दोलखाको शैलुङ्गेश्वरीको युद्ध

दोलखा जिल्लामा बढ्दै गएको माओवादी विद्रोहीहरुको गतिविधिलाई नियन्त्रण गर्न श्री श्रीजंग गणबाट पटक पटक पत्तिदेखि गुल्मस्तरसम्मको ओभर्ट तथा कोभर्ट अपरेशनहरु संचालन गर्दै आइरहेको कारणले माओवादी विद्रोहीहरुले खुल्ला रुपमा संचालन गर्दै आएका गतिविधिमा क्रमिक रुपमा नियन्त्रण भई नै रहेको भए तापनि टाढा टाढा रहेका गा.वि.स.हरुमा विद्रोहीहरुले चन्दा संकलन गर्ने, गाउँलेहरुलाई नचाहिंदो हल्ला फिजाएर आफ्नो पक्षमा ल्याउन कोशिश गर्ने र गरिव जनताको घरबाट जबरजस्ती अन्न, पैसा उठाउने तथा खाना खाने जस्ता कार्यहरु भइरहेको हुँदा यस्तो कारवाहीलाई निरुत्साहित गर्न सुरक्षा सेनाले विभिन्न अपरेशनहरु संचालन गर्दै आइरहेको क्रममा दोलखा जिल्लाको दक्षिणी भेगमा पर्ने गा.वि.स. हरुमा यस्ता विद्रोहीहरुको चलखेल बढेको कारण उक्त ईलाकाहरुमा एउटा असरदार कारवाही गर्न अति आवश्यक भइसकेको थियो ।

यसै कुरालाई मध्यनजर राखी श्री नं. ९ बाहिनी अड्डाबाट अगाडीको दिनहरुमा संचालन गरिएको अपरेशनको सिलसिलामा श्रीजंग गण अन्तरगतको सुरक्षा गुल्मबाट से.मु.प्लसको संख्यामा काटाकुटी गा.वि.स.को बोत्ले भन्ने स्थानमा यो अपरेशन संचालन भएको थियो । बिकट भौगोलिक परिस्थिति तथा प्रतिकुल मौसमको बाबजुद पनि यस अपरेशनमा निकै सफलता हासिल भएको थियो । उक्त ईलाकामा यस अघि पनि पटक पटक अन्य अपरेशनहरु संचालन गरिएको थियो तर पनि यस अपरेशनमा विद्रोहीहरु पूर्णरुपमा Surprise मा परेका थिए ।

**कारवाही संचालन गर्नुको कारणहरु** :

क) उक्त ईलाकामा विद्रोहीहरु पटक-पटक आई गाउँलेहरुलाई दुःख दिइरहेको हुँदा गाउँलेहरुलाई विद्रोहीबाट मुक्त गर्न र सुरक्षाको प्रत्याभूति दिलाउन ।

ख) सेल्टर दिइरहेका गाउँलेहरुलाई पनि सेनाको कार्वाहीको छाप पारी पुनः त्यस्ता कार्य गर्न नदिन लगाउनु ।

ग) सुरक्षा सेनाको असरदार कारवाहीबाट विद्राहीहरुलाई त्रास र जनसाधारणलाई सुरक्षित भएको अनुभूति दिन र उक्त ईलाकामा भएका विद्रोहीहरुलाई बर्बाद गर्न ।

**सेनाको तयारी** :

कारवाहीमा जाने आदेस अनुसार ५० जनाको टोली तयार गरियो । बिगतको अपरेनहरुको अनुभवबाट सिभिल टिम उपयोगी देखिएको हुँदा अनुभवी कमाण्डर र टोलीको छनौट गरी सोही अनुसार अन्य टोली पनि ९/९ जनाको ४ वटा सेक्सन र हे.क्वा.मा ४ गरी जम्मा ४० र १० जनाको सिभिल टिम गरी जम्मा ५० जनाको टोली तयार गरी क्विक ब्रिफिङ्ग समेत गरियो ।

दोलखा जिल्लाको माओवादी विद्राहीहरुको १ नं. एरियामा पहिला विद्रोही कृयाकलापमा संलग्न भएका र हाल सुरक्षा फौजलाई सहयोग गनृ प्रतिबद्ध भएका व्यक्तिहरुलाई पनि गाइड तथा आइडेन्टिफायरको रुपमा प्रयोग गर्न उचित देखिएको हुँदा उनीहरुलाई पनि सेनाकै भेषभूषामा लाने योजना गरियो ।

कारवाहीमा गाडीको पनि प्रयोग गर्नु पर्ने भएको हुँदा चरिकोटबाट मुडेसम्म जाने सिभिल गाडीको लागि समन्वय गरियो । बेलुकाको खाना खाएपछि १७:०० बजे कमाण्डरबाट टोलीलाई अपरेशनल ब्रिफिङ्ग र अन्तिम निरीक्षणको कार्य भयो । १८:०० बजे बेशबाट सिभिल गाडीद्वारा मुडेतर्फ प्रस्थान गरिएको थियो । उक्त गाडीमा सिभिल यात्रुहरु पनि भएको, पानी परेको र बाक्लो कुहिरोको कारण २०:०० बजे मात्र मुडेमा फौजहरु पुगेको थियो । मुडे बजारमा केही क्षण शंकास्पद स्थान र पसलहरुमा सर्चको कारवाही गरी तार्गेट ईलाकातर्फ मुभ हुने कार्य भयो । नयाँ रुट, लगातार वर्षा र बाक्लो कुहिरोको कारण योजना अनुसारको समयमा अपरेशन सम्पन्न गर्न ढिलो हुने संभावना भएको हुँदा फौजले आराम नगरी अगाडि बढिरहेको थियो । मिति २०५९ श्रावण १८ गतेको ०३:०० बजे देउराली बाघखोर ईलाका सर्च गर्ने तथा त्यस स्थानमा भएको सोर्सबाट खबर लिने कार्य भयो । जसमा सोही रात कथित दोलखा जिल्ला जनसरकार उपप्रमुख शंकर लामा (भ्यान्टे) को कमाण्डमा ५०/६० जना सोही स्थान बाघखोर ईलाकाबाट चन्दा संकलन गरी काटाकुटी, शैलुङ्गेश्वरतर्फ लागेको भन्ने खबर बिभिन्न व्यक्तिबाट थाहा हुन आएको हुँदा उक्त खबर तथ्य हुन सक्ने मूल्यांङ्कन गरियो । उक्त खबरलाई मध्यनजर राखी हुनसक्ने सेल्टरहरुको जानकारी लिई सोचविचार गरी टुआइसी तथा सेक्सन कमाण्डरहरुसंग छलफल तथा ब्रिफिङ्गको कार्य गरी पुनः योजना अनुसार अगाडि बढेको । उक्त समयमा विद्रोहीहरु बोत्ले, भुरुङ्गा र ढुङ्गे ईलाकामा हुन सक्ने अनुमान गरिएको थियो ।

**कारवाहीको घटनाक्रम :**

देउराली बाघखोरबाट अगाडी बढ्दा संभावित हुन सक्ने आतंककारीको सेल्टर, बोत्ले, भुरुङ्गा र ढुङ्गे मध्ये पहिला बोत्लेलाई नै तार्गेट छनौट गरी अगाडी बढ्ने तय भए बमोजिम निम्न अनुसार कारवाही संचालन गरियो :

क) फर्मेशनमा सिभिल टिम अगाडि, त्यसपछि नं. १,२,३ र ४ पत्ति पठाइएको । सिभिल टिम र नं. १ पत्ति अपरेशन कमाण्डरको नियन्त्रणमा थियो भने नं. ३ र ४ पत्ति टुआइसीको नियन्त्रणमा अघि बढेको थियो ।

ख) सिभिल टिमको रेडियो सेट पानी पर्नाको कारण काम गर्न छाडेको हुँदा कमाण्डरको सिभिल टिमसंग समय समयमा प्रत्यक्ष सम्पर्क भइरहेको थियो । जहाँ संभावित अब्जेक्टिभ ईलाकामा गरिने कारवाही बारे सम्झाउने कार्य भइरहेको थियो ।

ग) मिति २०५९ श्रावण १८ गते विहान ०५:१० बजे बोत्ले ईलाकामा पुग्दा आतंककारीहरुको सेन्ट्रीसंग जम्का भेट हुनासाथ सेन्ट्री दौडेर घरभित्र खवर गर्न गएको र सैनिक टोलीबाट फायरिङ्ग शुरु गरिएको ।

घ) उक्त ईलाकाको बाटो मुनि ७ घरहरु करिव ७०-७५ गज एरियामा फैलिएर रहेको थियो । उक्त इलाकाको ठिक पश्चिमपट्टि उच्च जमिनमा स्कुल पनि रहेको थियो । जहाँबाट उक्त घरहरु डोमिनेट हुन्थ्यो । तर त्यस समयमा पानी पर्न बन्द भए पनि बाक्लो कुहिरो लागेको कारण देखाभाल (Visibility) कम भइरहेकोले केही मात्रामा असुविधा महशुस भएको थियो ।

ङ) फायरिङ्ग शुरु हुनासाथ साहयक कमान्डर (टुआइसी) लाई २ वटा पत्तिलाई लिएर माथि स्कुलर्फा घेरा हाल्न पठाई बाँकी टोलीलाई घरहरुमा केही क्षण Harassing Fire गराउन लगाइएको थियो । त्यस समयमा भित्रबाट पनि सकेट फाल्ने तथा फायरिङ्ग गर्ने कार्य भइरहेको थियो । बाक्लो कुहिरोको कारण देखभालमा केही कमी भएको हुँदा पहिलो फायरिङ्गमा नै केही विद्रोही भाग्न खोज्दा फायरिङ्गमा परी घाइते भएको र केही भाग्न समेत सफल भएको । आवश्यकता अनुसार फायरिङ्ग गर्दै उक्त ईलाकाको घेराउ सानो बनाउदै गएको र बढी शंकास्पद घरमा गृनेड फाल्ने आदेश दिएको । गृनेड फाल्न अगाडि जाँदा भित्रबाट फायरिङ्ग भएको कारण केही पछि हटी आडबाट पुनः फायर गरेको । यही दोहोरो फायरिङ्गमा सि. विश्वराज पौडेल अगाडि बढ्दा गोली लागी तुरुन्त बाटोको लाइनको घरमा मेडिकल प्वाइन्ट खडा गरी उपचार शुरु गरेको । टुआइसीले स्कुल एरिया क्लियर गरेर पुनः तल झरी घरहरु क्लियर गर्ने कार्य गरेको ।

च) दोहोरो फायरिङ्गको क्रममा कमाण्डर तथा अन्य टोलीबाट पनि पटक पटक विद्रोहीहर तिमीहर चारैतर्फ घेरी सेको छौ उम्कने ठाउँ छैन, हतियार फालेर निस्क भनी कराईरहेको हुँदा खाली हात माथि उठाएर निस्कनेलाई फायरिङ्ग रोकी सुरक्षित ठाउँमा लगेर सर्च गर्ने कार्य भएको र केही विद्रोहीहरु हतियार सहित निस्केको र नजिक आउन खोजेको हुँदा तिनीहरुलाई बर्बाद गरिएको ।

छ) केही विद्रोहीले मानव ढाल बनाएको कारण नर बहादुर शाक्यको छोरी बर्ष १३ की बबि शाक्य र छोरा ५ महिनाको सुवर्ण गरी घाइते सिपाही संग सेनाको हेलिकप्टरद्वारा उपचारको लागि तुरुन्तै वीरेन्द्र अस्पताल पठाइएको ।

ज) शंकास्पद स्थानहरुमा कभर गर्न लगाएर जोडी-जोडी सबै घरहरु क्लियर गर्ने कार्य भएको । क्लियर गर्ने कार्यपछि मृतक विद्राहीहरु जम्मा गर्दा आठ जना महिला र सात जना पुरुष गरी जम्मा १५ जना विद्रोहीहरुको मृत्यु भएको । मृत्यु हुनेहरुमा ४ जना जिल्ला जनसरकार सदस्य र एक जना प्लाटुन कमाण्डर भएको थाहा हुन आएको छ । सिन्धुपाल्चोक जिल्लाको पनि वरिष्ठ

पदाधिकारीहरु परेको हुनसक्ने अनुमान गरिएको थियो भने अन्य सकृय छापामार सदस्य रहेको पुष्टी भएको थियो । सुरक्षा गुल्म तथा गण हे.क्वा. बाट मेडिकल ईभ्याकुएसन (मेडइभ्याक) तथा थप फौजको सम्बन्धमा माथिल्लो निकायसंग राम्रो समन्वय भएकोले घाइतेलाई समयमै उपचारको लागि वीरेन्द्र अस्पतालमा लगिनुको साथै कारवाहीमा गएको फौजहरुलाई समेत व्यारेक फिर्ता गर्न हेलिकप्टर उपलब्ध भएको थियो ।

ञ) सम्पूर्ण कारवाही सकेपछि मृतक विद्रोहीहरुको सम्बन्धमा स्थानीय गाउँलेहरु साक्षी राखी मुचुल्का तयार गरी शवहरु बुझाउने र गाड्ने कार्य गरी उक्त ईलाकाबाट केही तल झरेर हेलिकप्टरबाट सुरक्षितसाथ २ टोलीमा १८ गतेको १६:०० बजे बेश फिर्ता भएको थियो ।

**भविष्यको लागि पाठ** :

क) प्रतिकूल मौसमको फाइदा लिन सकेको खण्डमा सफलता प्राप्त हुने बढी संभावना देखिने ।

ख) स्काउट कुनै पनि हालतमा चंखो र उसको हतियार तयारी नै हुनु पर्ने । एउटा स्काउटलाई अर्को स्काउटले कभर गरेको हुनुपर्ने ।

ग) विद्रोहीहरुलाई “तिमीहरु घेरिई सकेका छौ भाग्न असंभव छ” भन्ने जस्ता हल्लाहरु गरी मनोवैज्ञानिक दबाब दिंदा बढी असरदार हुने ।

घ) कमाण्डरले मेडिकल प्वाइन्ट तथा सिग्नल सेन्टर खडा गर्ने सम्बन्धमा यथासिघ्र सोच बिचार गर्नुपर्ने ।

ङ) फायरिङ्ग खोल्दा केही समय Harassing Fire गरेर त्यसपछि मात्र फार नियन्त्रण गरी मौको फायर गरेमा उपयुक्त हुने ।

च) भाग्न सक्ने स्थानहरुमा स्टपहरु राख्न सके बढी सफलता प्राप्त हुने ।

छ) दोहोरो फायरिङ्गको समयमा आत्तिएर पछाडिको व्यक्तिले पनि फायर गर्दा दुर्घटना हुनसक्ने हुँदा बढी होसियार हुनुपर्ने ।

ज) विद्रोहीहरुले गाउँले कै घरहरुलाई सेल्टर बनाउने हुँदा यस्तो बेला तथ्य नभै घरभित्र गृनेडको प्रयोग नगर्न राम्रो हुने र घरबाट निस्किएका गाउँलेसंग तुरुन्त सोधपुछ गरी विद्रोहीले प्रयोग गरेको घरहरुको बारेमा जानकारी लिई कारवाही गर्दा राम्रो हुने ।

अन्तमा,

दोलखा जिल्ला, काटाकुटी गाउँ विकास समितिको बोत्लेमा गरिएको यो अपरेशन जम्मा २२ घण्टाको थियो । उक्त अपरेशनमा दोलखा र सिन्धुपाल्चोक जिल्लाका मुख्य-मुख्य विद्रोहीहरुको मृत्यु भएकोले विद्रोहीतर्फ ठुलो क्षति पुगेको । विद्रोही बिरुद्ध अफेन्सिभ कारवाही गर्दा प्राप्त खवरहरुको सही मूल्यांकन गरी राम्रो योजना

बनाई समयमै फौज परिचालन गर्न सकेको खण्डमा अपेक्षित सफलता प्राप्त हुन्छ भन्ने कुरा यो कारवाहीले प्रमाणित गरेको छ ।

# सन्धि खर्कको युद्ध

उस बखतको पश्चिमाञ्चल विकास क्षेत्र अन्तरगत पर्ने १६ ओटा जिल्लाहरु मध्ये अर्घाखाँची जिल्ला पश्चिममा माओवादी अति प्रभावित जिल्लाहरु रोल्पा र प्युठानसंग जोडिएको छ । यस जिल्लाको सदरमुकाम सन्धिखर्कमा भएको दुर संचार रिपिटर टावरको सुरक्षार्थ २०५५ साल माघबाट पत्ति प्लसको फौज (१६ जना जति) सदरमुकाममा तैनाथ भएको थियो ।

२०५७ साल आश्विनमा अर्घाखाँची जिल्लाको प्रमुख जिल्ला अधिकारीले सदरमुकाम सुरक्षार्थ नेपाली सेनाको एक टुकडी माग गर्नु भए अनुसार मिति २०५७ आश्विन २४ गतेबाट श्री चन्दननाथ गुल्मको से.मु.प्लसको फौज (४५ जना जति) सदरमुकामको सुरक्षार्थ तैनाथ भएको थियो । सदरमुकाम सुरक्षा तैनाथ से.मु.ले देशमा संकटकाल लाग्नु अगाडि सदरमुकामको सुरक्षार्थ मात्र केन्द्रित भएकोमा देशमा संकटकाल लागु भए पश्चात् सदरमुकामको साथ साथै विद्रोहीहरुलाई निस्कृय बनाउने कार्यमा समेत लागेको थियो ।

**भौगोलिक अवस्था** :

क) सुरक्षा फौज रहेको स्थानसंग जोडिएको सरकारी कार्यालयहरुमा पश्चिमतर्फ जिल्ला प्रशासन कार्यालय, हुलाक, वन, खाद्य संस्थान र टुंडिखेल, उत्तरतर्फ दुर संचार कार्यालय, पूर्वतर्फ खेती र स्थानीय वासिन्दाको घर तथा दक्षिणतर्फ जिल्ला प्रहरी कार्यालय रहेको ।

ख) पश्चिमतर्फको व्यारेक पेरिमिटर नजिक रेडिया नेपाल कार्यालय रहेको, त्यसतर्फ बीचबाट स्थानिय जनताहरु हिड्ने बाटो रहेको ।

ग) सुरक्षा फौजको लोकेशन तथा खेती ईलाका बीच पेरिमिटर बाहिर स्थानीय जनता हिड्ने बाटो भएको ।

घ) सुरक्षा फौज तथा प्रहरी कार्यालय बचि साधारण किसिमको पेरिमिटर भएको । त्यस बीचमा कुनै अव्स्ट्याकल तथा माईन नलगाएको । त्यस बीचबाट पनि स्थानीय व्यक्तिहरु हिड्ने गरेको ।

ङ) पेरिमिटर चारैतर्फ वायर अव्स्ट्याकल तथा माईनहरु लगाईएको भए तापनि जिल्ला प्रहरी कार्यालयको दक्षिणतर्फ खासै अव्स्ट्याकल तथा माईन नभएको ।

च) त्यस स्थानको भु-बनौट दक्षिण पश्चिमबाट उत्तर पूर्वतर्फ बढेको करीब ३५० मिटर पूर्वतर्फ Dominating height भएको ।

**युद्ध** :

क) मिति २०५९/५/२३ गते २१:३० बजे करिव २५०० देखि ३००० जतिको सशस्त्र माओवादी विद्रोहीहरुले सुरक्षा सेनामुख र जिल्ला प्रशासन कार्यालय (जि.प्र.का) लाई चारैतिरबाट घेरी भिषण आक्रमण गरेको थियो । यसरी माओवादीले गरेको आक्रमण पछि भएको भिडन्त करिव ६ घण्टासम्म भएको थियो ।

ख) विद्रोहीहरुले आक्रमण गरेपछि करिव २३:३० बजे जि.प्र.का. अर्घाखाँचीसंग मिलाम टुटेको थियो भने सदरमुकाम सुरक्षा से.मु.संग ०२:१५ बजे बाहिनी र गुल्म हे.क्या.को मिलाप टुटेको थियो ।

ग) ०२:३० बजे अदालत तथा जि.प्र.का. तर्फबाट माओवादीहरु पोष्ट भित्र छिरेका थिए ।

घ) विद्रोहीहरु रोल्पा, रुकुम, अछाम, कालिकोट, प्युठान जिल्लाहरुबाट संगठित भई आक्रमण गर्न आएका थिए । ती मध्ये खाम भाषा बोल्ने धेरै रहेका थिए । प्रायः विद्रोहीहरु १३ देखि २० वर्ष उमेरका थिए ।

**विद्राही** :

क) हमलाको पूर्व रुकुमको लुकुम गाउँमा १ महिना प्रशिक्षण शिविर संचालन गरेको ।

ख) सदरमुकाम वरपर रहेका गा.वि.स.का स्थानीय बासिन्दाहरुलाई ३ दिनदेखि सदरमुकाम आउन नदिएको ।

ग) कपिलवस्तु अर्घाखाँची रुटमा चल्ने २ वटा वस प्रयोग गरेको । उक्त बस हतियार तथा एक्स्प्लोसिभ ल्याउन प्रयोग गरेको र जि.प्र.का.को दक्षिणमा रहेको केही घरहरुमा विद्रोहीहरुले एक्स्प्लोसिभ राख्न प्रयोग गरेको ।

घ) आक्रमणको दौरान मंगलसेन, लिस्ने गाम, सतवरिया र नं. ४ वटालियन संलग्न भएको आक्रमणमा अधिकांश पश्चिमी भेगका र खाम भाषा बोल्ने रहेको र नं. ४ वटालियनको नेतृत्व महिलाले गरेको ।

ङ) आक्रमणको पूर्व रेकीको लागि भिडियो क्यामेरा प्रयोग गरेको ।

च) पूर्व उत्तरमा रहेको Dominating Hiegih बाट Fire Support दिएको ।

छ) हमला चारै तर्फबाट भएतापनि कमजोर सुरक्षा क्षेत्र पूर्व र दक्षिणबाट (जिल्ला प्रहरी कार्यालय अवस्थित रहेको स्थान) पहिलो Wave Infiltrate गरेको ।

ज) विद्रोहीहरुको पहिलो Wave सुरक्षार्थ लगाइएको अब्स्टेकल तथा Minefield मा परेपछि बनेको Lane बाट नै बाँकी फौज भित्र पसेको ।

झ) हमला भन्दा अघि नै Mine मा प्रयोग भएको अधिकाशं तारहरु जमीनबाट निकाकेल Defuse गरेको ।

ञ) उक्त हमलामा ३ वटा Gerneral Purpose Mechine Gun प्रयोग भएको बुझिएको ।

ट) बरामद भएको केही दस्तावेज तथा तिनीहरुको बोली अनुसार हमलाभर खाम कुरा गर्ने रोल्पा, रुकुम, कालिकोटको भएको जसमध्ये अधिकांश महिलाहरु भएको ।

ठ) शुरुमै Location को पूर्व तर्फबाट थुप्रै सकेट बम एवं IED प्रयोग गरेको ।

ड) संचार सम्पर्कको लागि मोटोरोला सेट प्रयोग गरेको ।

ढ) आत्मसमर्पण गर्ने प्रहरीबाट आक्रमणको समयमा Immediate value को खबर संकलन गरेको ।

ण) आक्रमणमा लिस्ने गाम गणमा कैलाली, कालीकोट र कन्चनपुरबाट ४/५ प्लाटुन थप भएको ।

त) हमलापछि केही सुरक्षा कर्मीहरुलाई आफूसंगै भारी बोकाई हिंडाएको र ती मध्येका केहीलाई रु. २५,०००/- खर्च दिई पठाउने जस्ता मनोबैज्ञानिक प्रभाव पार्न कोशिश गरेको ।

**सेना तर्फ भएको क्षति** :

उक्त भिडन्तमा नेपाली सेनाका १७, सशस्त्र प्रहरीका १० र जनपद प्रहरीका ३२ जना जवानहरुले वीरगती प्राप्त गरेको थिए । वीरगति प्राप्त गर्ने र घाइते सैनिकहरुको नामावली निम्न छन् :-

**वीरगती प्राप्त गर्ने**

| सि.नं. | युनिट | दर्जा | नाम | कैफियत |
|---|---|---|---|---|
| १. | श्री चन्दननाथ गुल्म | नं. १३१०४६ जम | काली बहादुर भण्डारी | |
| २. | श्री चन्दननाथ गुल्म | नं. १४६५१८ हु. | पदम बहादुर शाही | |
| ३. | श्री चन्दननाथ गुल्म | नं. १३११७६ हु. | केशव राज देवकोटा | |
| ४. | श्री चन्दननाथ गुल्म | नं. १४८८१९ अम. | उदय बहादुर थापा | |
| ५. | श्री चन्दननाथ गुल्म | नं. १५०८९४ अम | हरिलाल जैसी | |
| ६. | श्री चन्दननाथ गुल्म | न.. १५३७९३ प्यु. | रविन्द्र खड्का | |
| ७. | श्री चन्दननाथ गुल्म | नं. १५८६३६ प्यु. | लिला बहादुर कार्की | |
| ८. | श्री चन्दननाथ गुल्म | नं. १५६०३६ प्यु. | सुरेन्द्र बि.सि. | |
| ९. | श्री चन्दननाथ गुल्म | नं. १५८६२४ प्यु. | हरि बहादुर खत्री | |
| १०. | श्री चन्दननाथ गुल्म | नं. १५८६४० सि. | केशर बहादुर थापा | |

| | | | | |
|---|---|---|---|---|
| ११. | श्री चन्दननाथ गुल्म | नं. १५८६४१ सि. | डुक प्रसाद घिमिरे | |
| १२. | श्री चन्दननाथ गुल्म | नं. १६४१०८ सि. | शंकर अर्याल | |
| १३. | श्री चन्दननाथ गुल्म | नं. १७२०८३ सि. | प्रेम प्रकाश जैसी | |
| १४. | श्री चन्दननाथ गुल्म | नं. १७१७८८ सि. | यस प्रसाद प्रसाई | |
| १५. | श्री चन्दननाथ गुल्म | नं. १७१८१८ सि. | लक्ष्मण राना | |
| १६. | श्री चन्दननाथ गुल्म | नं. १७५५२३ सि. | केशव थापा | |
| १७. | श्री चन्दननाथ गुल्म | नं. १५८६४२ सि. | रमेश भट्टराई | |

**घाइते**

| सि.नं. | युनिट | दर्जा | नाम | कैफियत |
|---|---|---|---|---|
| १. | श्री चन्दननाथ गुल्म | नं. १४८७८३ अम. | रघु कुमार श्रेष्ठ | |
| २. | श्री चन्दननाथ गुल्म | नं. १७४१२० सि. | कृष्ण बहादुर घिमिरे | |
| ३. | श्री चन्दननाथ गुल्म | नं. १७२०८० सि. | बाल कृष्ण चौधरी | |
| ४. | श्री चन्दननाथ गुल्म | नं. १७५५१४ सि. | धिरेन्द्र बस्नेत | |
| ५. | श्री चन्दननाथ गुल्म | नं. १७५५१८ सि. | राजेन्द्र ठगुन्ना | |
| ६. | श्री भैरवीदल गण | नं. १७१०२४ सि. | राजु गुरुङ | |
| ७. | श्री फष्ट रैफल गण | नं. १७७१३० सि. | चन्द्र बहादुर राई | |

नेपाली सेनाका २२, सशस्त्र प्रहरीका २ र जनपद प्रहरीका ३३ जवान घाईते भएका थिए । त्यस्ते शाही नेपाली सेनाका ११, सशस्त्र प्रहरीका १८ र जनपद प्रहरीका ७७ जना जवानहरु सकुशल रहेका थिए । आक्रमण पछि विद्रोहीहरुले नेपाली सेनाका १९, सशस्त्र प्रहरीका ११ र जनपदका ३३ जनालाई अपहरण गरेकोमा भोलिपल्ट सबैलाई छाडि दिएको थिए भने निम्न बमोजिमका नेपाली सेना तथा प्रहरीहरुको हातहतियार, एम्युनिशन तथा विष्फोटक पदार्थ लुटी लगेका थिए :-

| सि.नं. | विवरण | हतियार | व्यूनेट | म्यागिजन | राउण्ड | जगेडा व्यारोल | कै. |
|---|---|---|---|---|---|---|---|
| १. | ७.६२ एस.एल.आर | २३ | २८ | १२० | १५,१०३ | - | |
| २. | ७.६२ एल.एम.जि. | ७ | - | १७४ | ११?९०० | ७ | |
| ३. | ९ एम.एम.एस.एम.जि. | १२ | १४ | ८० | ५,६५४ | - | |
| ४. | ९ एम.एम.ब्रो. पेस्तोल | २ | - | ४ | ७८ | - | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५. | २ ईन्छ मोर्टर | २ | - | - | HE-१४७, प्यारा-२४, स्मोक-४१ | - | |
| ६. | १ भे.पे. प्यारा टुनिक | २ | - | - | कार्टिज सेतो-२०, रातो-९, हरियो-८ | - | |
| ७. | ४० मि.मि. रकेट लन्चर | १ | - | - | ५, साईड १ | - | |
| ८. | कम्पास | ३ | | | | | |
| ९. | बाईनाकुलर | ३ | - | - | - | - | |
| १०. | खड्क | १ | | | | | |
| ११. | ईन्चको नक्शा | १७ | | | | | |
| १२. | मिटर नक्शा | ६ | | | | | |
| १३. | एस.एल.आर. को रड | ५ | | | | | |
| १४. | एस.एल.आरको पुल्थ्रो | १० | | | | | |
| १५. | ब्रो.पे. रड | २ | | | | | |
| १६. | २ ईन्च मोर्टर ब्रुस | २ | | | | | |
| १७. | ४० मि.मि. ब्रुस | १ | | | | | |
| १८. | आयल बोतल | २९ | | | | | |
| १९. | नाईटभिजन | १ | | | | | |
| २०. | प्लाष्टिक गृनेड | | | | | | |
| २१. | नं. ३६ हयाण्ड गृनेड | | | | | | |
| २२. | डेट कट | १० मि. | | | | | |
| २३. | नं. २७ डेटोनेटर | १८ | | | | | |
| २४. | सेफ्टी फ्यूज | १५ मि. | | | | | |
| २५. | टि.एन.टि. विथ प्राईमर | १८ | | | | | |
| २६. | टु वास सेट | १ | | | | | |
| २७. | एस.एस.पि. सेट | १ | | | | | |

**माओवादीको क्षति :**

दोहोरो भिडन्तमा विद्रोहीतर्फ 'C' कम्पनी कमाण्डर "अरुण" लगायत १०० जना जतिको मृत्यु भएको अनुमान भएको थियो । ती मध्य ५१ जनको शव सदरमुकाम वरिपरी नै गाडेको तथा फालेको अवस्थामा भेटिएको थियो । आक्रमणमा विद्रोहीहरु तर्फ २१७ जना घाइते भएको भन्ने बुझिएको ।

**सेनाका कमि कमजोरीहरू :**

माओवादी विद्रोहीहरु आउन सक्ने सम्भावित Approach लाई Cover गर्न संयुक्त रुपमा सुरक्षा फौज एल.पि. / ओ.पि. जाने गरेकोमा उक्त दिनको विवरण निम्न अनुसार भएको ।

क) आफ्नो क्षेत्र वरिपरी पट्रोलिङ्गको लागि जाने गस्तीले करिव ३५०० विद्रोहीहरु (बाहिरी व्यक्तिहरु) बजार क्षेत्र वरिपरी जम्मा हुँदा पनि थाहा पाउन नसकेको ।

ख) उक्त समयमा तोकिएको स्थानमा खट्टिएको पालेहरु उक्त LP मा नगई अलि तल नेपाली कंग्रेस पार्टी कार्यालयको छतमा बसेको ।

ग) केही स्थानमा LP को लागि खट्टिएका व्यक्तिहरुले माओवादी सम्बन्धी कुनैपनि खबर नगर्नुका साथै माओवादीतर्फ गएको । त्यस मध्येका केही व्यक्तिलाई विद्रोहीले आफ्नो कब्जमा लिई सुरक्षा सेनामुख भित्र सुरक्षित तवरले प्रबेश गरेको ।

घ) २१०० बजे ठाडातर्फबाट सदरमुकाममा मोटर आएको देखेपछि Check गर्न पठाउदा जम्मा ४ जना मात्र गएको । Check गर्दा सिक्लाई बमोजिम गरेको नदेखिएको । बस भित्रबाट नै विद्रोहीहरुले ती ४ जनालाई गोली प्रहार गरेको ।

ङ) पेरिमिटर सुरक्षार्थ लगाईएको अब्स्टेकल तथा माईनहरु जिल्ला प्रहरी कार्यालयभन्दा दक्षिणतर्फ न्यून मात्रामा लगाईएको, जहाँबाट विद्रोहीहरुको पहिलो Wave Infiltrate गरेको । सुरक्षा फौजको लोकेशन तथा जिल्ला प्रहरी कार्यालय बीच पनि राम्रो अब्स्टेकल तथा माईनको व्यवस्था नभएको ।

च) डिफेन्स लेआवट राम्रो भए तापनि हतियारबाट सही फायर गर्न नसकिएको, सेल्फ लोडिङ राइफल (एस.एल.आर.) मा रोक परेको र ४० मि.मि. रकेट लन्चरबाट फायर गर्न नसकेको ।

छ) जि.प्र.का.मा रहेको सुरक्षाकर्मीले २३०० बजे नै आत्पसमर्पण गरेपछि तिनीहरुलाई मानव ढालको रुपमा अगाडि बढाउदै तिनीहरु कै हतियार सुरक्षा फौज उपर प्रयोग गरेको ।

ज) सरकारी कार्यालय, जि.प्र.का. सुरक्षा लोकेशन बीच भएको बाटो सर्वसाधारणले प्रयोग गर्ने गरेको र स्थानीय जनताको कार्यालय समयमा अत्याधिक चाप परेको, मौका छोपी सुरक्षा स्थिति तथा लोकेशनको अवलोकन गरेको हुन सक्ने ।

झ) विद्रोहीहरुले हातहतियर तथा एक्सप्लोसिभ ठाडा सन्धिखर्कको बीच बाटोबाट गाडीमा चढाएको हुनसक्ने हुँदा मोटर बाटोमा निगरानी नपुगेको देखिएको ।

ञ) लोकेशनको पूर्वतर्फको पेरिमिटर गृनेड फाल्न सक्ने दुरीमा भएको ।

**सन्धिखर्क आक्रमण पछि गरिएको सैनिक कारवाही**

मिति २०५९/५/२४ गते सन्धिखर्क सुरक्षार्थ तथा कर्फ्युको लागि २ से.मु. तैनाथ गरिएको थियो । माओवादी विद्रोहीहरु भाग्न सक्ने दिशातर्फ ब्लकिङ पोजिशन खडा गर्नको लागि २ से.मु. हंशपुरमा तैनाथ गरिएको थियो र उक्त फौजलाई रि-ईन्फोर्स गर्न थप २ से.मु. त्यस ईलाकामा तैनाथ गरिएको थियो ।

मिति २०५९/५/२५ गतेदेखि मिति २०५९/५/३१ गतेसम्म माओवादी विद्रोहीहरु भाग्न सक्ने ईलाकाहरुमा ब्लकिङ्ग पोजिशन खडा गरी विद्रोहीहरु माथि हेलिकप्टरद्वारा समेत आक्रमण गरी विद्रोहीतर्फ ठूलो क्षति पुऱ्याइएको । भाद्र ३१ गते रोल्पा, रुकुम र प्यूठानतर्फ भाग्ने माओवदी विद्रोहीहरुलाई बर्बाद गर्नको लागि थप कारवाही गरिएको ।

**पछिकोलागि पाठ** :

क) सेना तथा प्रहरी एउटै अथवा जोडिएको पेरिमिटरमा सकभर नराख्ने, राख्नै परेमा पेरिमिटर तथा अब्स्टेकल सिस्टम आफ्नै हुनुपर्ने ।

ख) प्रहरीको अब्स्टेकल तथा माईन फिल्ड सिस्टम सेना सरह नै हुनुपर्ने ।

ग) माइृन फिल्डको लेयर एक वा दुई ओटा मात्र राख्दा त्यसबाट विद्रोहीको पहिलो Wave लाई मात्र धान्न सक्ने हुँदा थुप्रै लेयर राख्नुपर्ने ।

घ) वायर अब्स्टेकल थप गर्नुपर्ने ।

ङ) मिलाम साधनको डुप्लिकेशन हुनुपर्ने ।

च) जवानहरुमा लड्छु भन्ने भावना हुनुपर्ने ।

छ) सूचनाहरु सही तथा समयमै प्राप्त गर्न व्यापक रुपमा एरिया डोमिनेशन पट्रोल गर्नुपर्ने ।

ज) गाउँबाट सदरमुकाम आउने व्यक्तिहरुको गतिविधि निग्रानी गुर्नका साथै तिनीहरुबाट सूचना बुझ्नु पर्ने ।

झ) वरिपरिका शंकास्पद Dominating Feature हरु समयमा नै Physically Occupy गर्ने ।

ञ) रातको कारवाहीहरुमा Aggressive हुनुपर्ने ।

ट) सर्वसाधारणले प्रयोग गर्ने बाटोहरु नजिक सकेसम्म फौजहरु नराख्ने र यदि राख्नै पर्ने अवस्था भएमा लगातर रुपमा निग्रानी राख्न सेन्ट्रिहरु तैनाथ गरी आफ्नो लोकेशनको अवलोकन नभएको एकिन गर्नुपर्ने ।

ठ) पेरिमिटरबाट ट्रेन्चसम्मको दुरी ३५-७५ गज राख्नुपर्ने ।

## रोचक तथ्य

क) हमलामा करिव २५०० देखि ३५०० सम्म माओवादी विद्रोहीहरु संलग्न रहेको ।

ख) विद्रोहीहरुलाई सुरक्षा फौजको संख्या बारे एकिन नभएको । हमला पछि फर्किने क्रममा सेनालाई "दुस्मन ५०० को संख्यामा भाएको भनि हमलामा आएका" भन्ने एक आपसमा कुरा गरेको सुनिएको ।

ग) हमलामा केन्द्रिय सदस्य कृष्ण बहादुर महरा, नन्द किशोर पुन, पम्फा भुषाल लगाएतका थप ४ जना PBM सदस्यहरु संलग्न रहेको आशंका गरिएको ।

घ) फर्किने बाटोमा पर्ने बजारको विभिन्न ८/९ वटा स्थानहरुमा फिल्ड ड्रेसिङ्ग स्टेशन खडा गरेको ।

ङ) हमलामा एउटा कम्पनीको प्लाटुन भाइस कमाण्डरबाहेक अन्य सम्पूर्ण विद्रोहीहरुको मृत्यु भएको व्यहोरा रोल्पाको अनकन्टार ठाउँमा भएको आमसभामा कृष्ण बहादुर महराले स्वीकार गरेको ।

च) फर्किने क्रममा एउटा घाईतेलाई खाटमा ४ जनाले बोकेर लगेको, निज केन्द्रिय स्तरको नेता हुनसक्ने भनि अपहरणबाट फिर्ता भएका सहायक प्रमुख जिल्ला अधिकारीले बताएको ।

छ) हमला पश्चात् ४ दिनपछि रोल्पाको गाममा पुगेको ।

ज) फर्कने क्रममा मुख्य फौजको सुरक्षार्थ विद्रोहीहरुले पिकेटिङ्गको तर्तिव अपनाएको, दायाँ वायाँको चुट्टीबाट एल.एम.जि. र स्नाईपरले सेनाको हेलिकप्टरलाई फायर गरेको ।

झ) अपहरण गरिएका मध्य सशस्त्र प्रहरीको १ जवानले घाईते भई अत्याधिक पिडाको कारण भारी बोकी हिड्न सक्दिन भन्दा विद्रोहीहरुले निजलाई बीच बाटोमा नै गोली हानी हत्या गरेको ।

अन्तमा,

निश्चय पनि सन्धिखर्क घटनाले नेपाली सेनालाई ठुलो क्षति पुऱ्याएको थियो । केही जवानहरुको लापरवाही तथा गैह्रजिम्मेवारी कार्यले गर्दा धनजनको नोक्सानी व्यहोर्नु परे तापनि सेनाका ५१ जवान लगायत करिव २०० जना संयुक्त सुरक्षा फौजले अन्दाजी ३५०० जना सशस्त्र विद्रोहीहरुसंग बहादुरी पूर्वक ६ घण्टासम्म लडेका थिए ।

## रुम्जाटारको युद्ध

उस बखतको श्री नं. २ बाहिनी अड्डाको जिम्मेवारी क्षेत्रमा पर्ने ओखलढुङ्गा जिल्ला माओवादी विद्राहीहरुबाट प्रभाविभ जिल्ला मध्येको एक थियो । यस जिल्लाको पूर्वमा दिक्तेल, पश्चिममा रामेछाप, उत्तरमा सोलुखुम्बु र दक्षिणमा सिन्धुली जिल्लाहरु पर्दछन् । रुम्जाटार यस जिल्लाको मुख्य घना आवादी भएको गुरुङ्ग गाउँ हो । विमानस्थल भएको कारण यस क्षेत्रका मानिसहरु यही ठाउँ भई आवत जावत गर्ने र कटारीबाट यस जिल्लासम्म कटारी-ओलखढुङ्गा सडक निर्माणाधीन अवस्थामा रहेकोले यो जिल्ला यस क्षेत्रकै एक मुख्य केन्द्रविन्दुको रुपमा रहेको छ । रुम्जाटार विमानस्थललाई सुरक्षा प्रदान गर्न श्री रणसिंहदल गुल्मको एक से.मु.प्लस (५० जना सम्म) र नेपाल प्रहरीको से.मु. तैनाथ रही आएको छ ।

मिति २०५९ कार्तिक १० गते माओवादी विद्रोहीहरुको एक ठुलो समूहले रुम्जाटार विमानस्थनमा अप्रयासित रुपमा गरेको हमलालाई त्यहाँ तैनाथ सुरक्षा से.मु.को तयारी, सकल दर्जाको उच्च मनोबल र सुझबुझकासाथ लड्नाले विफल तुल्याई दिएको थियो ।

सिन्धुली जिल्लाको भिमान स्थित प्रहरी चौकीमा आक्रमण गरी त्यहाँ तैनाथ भएका प्रहरीहरुका हातहतियारहरु जम्मा गर्न सफल भएको कारण उनीहरुको मनोबल उच्च हुन गई नेपाली सेनाको कुनैपनि छुट्टिएर रहेको पोष्टमा आक्रमण गर्न सफल हुनसक्ने ठानी माओवादीहरुले रुम्जाटार विमानस्थल सुरक्षा सेनामुखमाथि हमला गरेको हुन सक्दछ । यसको अलावा अन्य कारणहरु देहाय बमोजिम हुन सक्ने देखिन्छ :-

क) नेपाली सेनाको पोष्टमा आक्रमण गरी पराजित गरेर छापामारहरुको मनोबल उच्च पार्न ।

ख) पूर्वाञ्चल क्षेत्रमा माओवादी विद्रोहीको उपस्थितिलाई सशक्त रुपमा प्रकट गरी आफ्नो प्रभूत्व कायम राख्न ।

ग) पश्चिमतर्फका अनुभवी छापामारहरुलाई पूर्वि क्षेत्रको अपरेशनमा संलग्न गराई अनुभवहरु आदन प्रदान गराउन र नयाँ छापामारहरुलाई तालिम प्रदान गरी पूर्वी क्षेत्रमा सैन्य संगठनलाई सुदृढ र विस्तार गर्न ।

घ) हातहतियार तथा विष्फोटक पदार्थ संकलन गर्न ।

आक्रमणको केही दिन अगाडि पोष्टबाट पैदल ८/१० घण्टादेखि १/२ दिनसम्म टाढा लाग्ने, विशेष गरी रुम्जाटारबाट पश्चिम, उत्तर पश्चिम, उत्तर, उत्तर पूर्व र पूर्वका विभिन्न गाउँ ठाउँहरुमा सशस्त्र माओवादी विद्रोहीहरुको ठुलो संख्यामा चलखेल भएको भन्ने जानकारी दिएको र सो को आधारमा पोष्टले सुरक्षा डयुटीमा विशेष सतर्कता अपनाएको थियो ।

**सेनातर्फको तयारी** :

रुम्जाटार विमानस्थल सुरक्षा पोष्टमा ओखलढुङ्गा स्थित श्री रणसिंहदल गुल्मको सह-सेनानी दिनेश थापाको कमाण्डमा १/५१ को संख्या, ४० मि.मि. आर.एल. बाहेक फष्ट लाइन एम्युनिशन सहित से.मु. दरवन्दीको हतियार, ८१ मि.मि. मोर्टर नाल १ र जि.पि.एम.जि. नाल १ भएको र प्रहरीतर्फ प्रहरी निरीक्षकको कमाण्डमा १/३७ को संख्या ३०३ राइफल सहित रहेको थियो ।

**माओवादी तर्फ तयारी** :

रुम्जाटार विमानस्थल सुरक्षा पोष्टमा माओवादीहरुले करिब ३००० को संख्यामा आक्रमण गरेको । सो मध्ये मुख्य छापामारहरुको ७ वटा कम्पनी रहेको र उक्त कम्पनीहरुमा एउटा कम्पनी पश्चिमको भएको ( संभवत मंगलसेन बटालियनले भाग लिएको हुन सक्ने) भन्ने बुझिएको । प्रत्येक कम्पनीमा ५/६ नाल एस.एल.आर., ५/६ नाल एस.एम.जि., पूरै टोलीमा ३०३, १२ बोर, म्याग्नम आदि गरी करिव ४०० वटा, ३/४ नाल एल.एम.जि., २" मोर्टर १, ४० मि.मि. रकेट लन्चर २, सकेट बम करिव २०००/३००० र प्रेशर कुकर बम करिव १५/२० तथा अन्य विष्फोटक पदार्थहरु प्रयोग गरेको हुन सक्ने अनुमान गरिएको थियो । उक्त आक्रमणमा माओवादीहरुले मंगलसेन, नं. ५ र नं. ६ भन्ने गरेकोले उक्त ३ वटा गणहरु कार्वाहीमा भाग लिएको हुनसक्ने अनुमान गरिएको थियो ।

**पोष्ट सुरक्षा व्यवस्था** :

क) घुमुवा (ईण्टः) इन्टेलिजेन्स पोष्टबाट दैनिक सादा पोशाकमा केही घण्टासम्मको गाउँहरुमा गई घुमुवा इण्टले खबर ल्याउने गरेको ।

ख) पट्रोलः सुरक्षा पोष्टबाट दैनिक १०:०० बजेबाट १३:०० बजेसम्म पहिलो र १३:०० बजेबाट १६:०० बजेसम्म दोश्रो लोकल पट्रोल पठाउने गरेको र हप्तामा २ पटक ८/९ घण्टासम्मको गएर फर्किन सकिने ठाउँसम्म लङ्गरेञ्ज पठाउने गरेको ।

ग) लिस्निङ्ग पोष्ट (एल.पि.) सुरक्षा पोष्टबाट सादा पोशाकमा प्रहरी सहितको १/२ को एल.पि. टोली साथमा मोटोरोला/केनउड सेट-१ र प्रतिव्यक्ति २ गृनेड सहितको १ टोली पोष्टको १ कि.मि. उत्तरतर्फ र अर्को टोली १ कि.मि. दक्षिणतर्फ माओवादी विद्रोहीहरु आउन सक्ने नाकामा दैनिक २०:३० बजेबाट ०३:०० बजेसम्म एल.पि.ड्युटीमा खटाउने गरेको ।

घ) डिफेन्सको तयारी :

१) पोष्टको चारैतर्फ Organised for All Round Defense को Concept मा Compact Defense तयार गरी सो डिफेन्समा जि.पि.एम.जि. पोष्ट - १, एल.एम.जि. पोष्ट-७, एल.एल.आर.

पोष्ट- २, २" मोर्टर पिट - १, ८१ मि.मि. मोर्टर पिट - १ र टावरको माथि सर्च लाइट सहितको ओ.पि./सेन्ट्र पोष्ट -१ सहित जम्मा १३ वटा स्टाण्डटु पोष्टहरु खडा गरिएको ।

२) यसका अतिरिक्त प्रत्येक पोष्टको नजिक अल्टरनेटिभ पोष्ट तथा प्रत्येक पोष्टहरु एक आपसमा कम्युनिकेशन टेन्चबाट जोडिएको र सो कम्युनिकेशन ट्रेन्च जवानहरु सुत्ने लाइन र भान्छासंग समेत जोडिएको ।

३) ट्रेन्चहरुमा ओभरहेड प्रोटेक्शन तयार गरिएको र कम्युनिकेशन ट्रेन्चबाट परी आएमा फायर समेत गर्न मिल्ने गरी करिव साढे ४ फिट गहिरो तयार गरी सबै पूरै फिल्ड फोर्टिफिकेशनलाई दुरुस्तसंग क्यामोफ्लाईज र कन्सीलमेण्ट गरिएको ।

४) पोष्टको वरिपरी १/२ सय गज चारैतर्फको आसपासको ईलाका देखिने गरी ८ वटा सेक्युरिटि लाइट पोष्टको वाहिरतर्फ फर्काइ राती बाल्ने व्यवस्था मिलाएको ।

ङ) स्टाण्डटुः

१) प्रत्येक स्टाण्डटु पोष्टको अगाडी २० देखि ७५ गज पुरै पोष्टको वरिपरी एसल्ट ब्रस्टर माईन -४, इम्प्रोभाइज तरिकाबाट बनाइएको थर्मस बम-३, पाइप बम-१ र प्रेशर कुकर बम- १ साँझ १८:०० बजे लगाउने र बिहान ०६:०० बजे झिकी सुरक्षितसंग कोतमा राख्ने गरेको ।

२) एल.एम.जि. प्रतिनाल २५ वटा मेग्जिन प्रत्येकमा २५ राउण्डका दरले भरेको र खुल्ला राउण्ड सहित १७०० राउण्ड तयारीमा राखेको ।

३) एस.एल.आर. प्रति नाला ५ वटा मेग्निज प्रत्येकमा १६ राउण्डका दरले भरेको र खुल्ला राउण्ड सहित ५०० राउण्ड तयारीमा राखेको ।

४) एस.एम.जि. प्रतिनाल ६ वटा मेग्जिन प्रत्येकमा ३० राउण्डका दरले भरेको र खुल्ला सहित २७० राउण्ड तयारीमा राखेको ।

५) जि.पि.एम.जि. नाल १ र सो को ५००० राउण्ड लिक्समा भरेको र खुल्ला सहित ८००० राउण्ड तयारीमा राखेको ।

६) ८१ मि.मि. को पौंच एम्युनिशन पूरै बाकस खोली फायर गर्न तयारी हालतमा राख्ने गरेको । रिजर्भ समेत कोतबाट झिकी ८१ मि.मि. पोष्टमा पुर्‍याउन छिटो र सजिलो होस भनि लाइन बाहिर बरण्डामा राख्ने गरेको ।

७) २" मोर्टरको फष्ट लाइन पूरै बम मोर्टर पिटमै लगि बाकस खोली बमहरु फायर गर्न तयारी हालतमा राख्ने गरेको ।

८) लाइनमा सुत्ने प्रत्येक सिपाहीले आफ्नो एस.एल.आर. साथमा राखी ५ वटा मेग्जिन प्रत्येकमा १६ राउण्ड भरेको र खुल्ला राउण्ड सहित ५०० राउण्ड भएको झोला सिरानीमा राखी सुत्ने गरेको । आफू स्टाण्डटु पोष्ट ड्युटीमा जाँदा सोही आफ्नो हतियार, मेग्जिनहरु र एम्युनिशन साथमा लिइ जाने गरेको ।

च) स्टाण्डटु पोष्ट डयुटी :

१) १८:०० बजेदृखि २२:०० बजेसम्म (१४ जना सैनिक र थप प्रहरी) प्रत्येक पोष्टमा १ जना सैनिक र १ जना प्रहरी ड्युटी बस्ने गरेको ।

२) २२:०० बजेदेखि ०३:०० बजेसम्म (२८ जना सैनिक र थप प्रहरी) प्रत्येक पोष्टमा २ जना सैनिक र १ जना प्रहरी ड्युटी बस्ने गरेको ।

३) ०३:०० बजेदेखि ०६:०० बजेसम्म (१४ जना सैनिक र थप प्रहरी) प्रत्येक पोष्टमा पहिलो पालो अर्थात १८:०० बजेदेखि २२:०० बजेसम्म ड्युटी बस्ने टोली नै आई पालो बस्ने गरेको ।

छ) रमनः से.मु. पति र सहायक से.मु. पति दैनिक अनिवार्य रुपमा १८:०० बजेदेखि २३:५९ बजेसम्म र २३:५९ बजेदेखि ०३:०० बजेसम्म अल्टरनेटिभ समय मिलाई सारा स्टाण्डटु पोष्ट र सेन्ट्री पोष्टको ड्युटी चेक गरी सुरक्षा व्यवस्था ठीक भएको एकिन गर्ने गरेको । पोष्टमा भएका ४ वटा हुद्दाहरु प्रहरी सहितको बिल्लादार रमन १८:०० बजेबाट २२:०० बजे, २२:०० बजेबाट २३:५९ बजे, २३:५९ बजेबाट ०२:०० बजे र ०२:०० बजेबाट ०४:०० बजेसम्म घुमी स्टाण्डटु पोष्ट/सेन्ट्री पोष्ट ड्युटी चेक गर्ने र ड्युटी चंख, सजग र सतर्क राख्न मिलाएको ।

ज) सेक्टर तथा पोष्ट विभाजनः जवानहरुको सधैं आफ्नो जिम्मेवारी पोष्ट र ईलाका एउटै तोकेमा माओवादी आक्रमणको दौरान आफ्नो परिचित पोष्ट र जमीनमा कारवाही गर्न सजिलो हुने कुरालाई विचार गरी आ-आफ्नो तिकिएको पोष्टमा नै जवानहरुले ड्युटी लिन मिलाईएको । सो को अतिरिक्त पूरै से.मु. डिफेन्सका स्टाण्डटु पोष्टहरुलाई ४ सेक्टरमा विभाजन गरी प्रत्येक सेक्टरलाई १/१ हुद्धाको जिम्मेवारी क्षेत्र तोकी सो ईलाकाको कमाण्ड केन्ट्रोल, सुरक्षा जिम्मेवारी र फायर कन्ट्रोल गर्ने मिलाएको र सो को पनि बदली नगरी स्थाई रुपमा १ महिनाको लागि ड्युटी तोक्ने गरेको ।

झ) बन्दोबस्ति तयारी

१) प्रत्येक स्टाण्डटु पोष्टमा हतियारमा राउण्ड वा खोका अड्की रोक परेमा उक्त रोक तत्काल हटाउन काम दिने फलामे ईम्प्रोभाईज्ड रड प्रत्येक हतियारको लागि तयार पारी साथमा राख्ने

गरेको । सफाईको सामान टल्ली, ब्रुस समेत साथमा तयारी हालतमा राख्ने गरेको । साथै पोष्टले हतियार सफाईमा अत्यन्त जोड दिएको ।

२) पोष्टमा पानी पिउनको लागि ठुलो कोक बोतलको २/३ बोतल पानी अनिवार्य रुपमा साथमा लाने गरेको ।

३) दोहोरो फायरिङ्ग तथा बम विस्फोटनको दौरान धुवाँ, धुलोले आँखा पोल्ने र हेर्न नसकिने अवस्थामा आँखा पुछ्न र मुख समेत पुछी ताजा र तन्दुरुस्त रहनको लागि प्रत्येक जवानले पोष्टमा भिजाएको रुमाल तयारी हालतमा राख्ने गरेको ।

४) हतियार सफाई : पोष्टले हतियार सफाईमा विशेष जोड दिएको । साधारणतया: हप्तामा ३ पटक अर्थात २ दिनको १ पटक र पट्रोल वा बाहिरी कारवाहीबाट फर्किनासाथ हतियार तत्काल सफा गर्ने गरेको र साथै हर हमेशा हतियारहरु सफा भएको एकिन गर्ने गरेको ।

**युद्ध :**

मिति २०५९ आश्विन महिनाको पहिलो हप्ताबाट रुम्जारटार आक्रमण गर्नको लागि विभिन्न स्थानहरुबाट छापामारहरु भेला गराउने र युवा युवतीहरुलाई अपहरण गरी जवरजस्ती तालीममा संलग्न गराएको भन्ने बुझिएको । यसै सिलसिलामा २०५९ आश्विन १५ गतेको रातीदेखि ३ दिनसम्म रामेछाप स्थित गुम्देलको क्यामा बालदिङ्गको चौरमा तालीमहरु संचालन गरी दुईवटा गाई काटी भोज खाएको र आश्विन २४ गते गोलीको गुम्बामा माओवादी विद्रोहीहरु जम्मा भएको । रामेछापको गुम्देल, ओखलढुङ्गाको रावादोदु र सोलुखुम्बु जिल्लाको गोली भन्ने ठाउँबाट माओवादीहरु ठूलो संख्यामा जम्मा भई कार्तिक ३ गते खर्सुवास भन्ने स्थानमा आई रुम्जाटार आक्रमण सम्बन्धी अन्तिम तयारी गरी सबैलाई माओवादी कमाण्डर “आवाश” ले ब्रिफिङ्ग गरेको ।

मिति २०५९/७/१० गते रुम्जाटार विमानस्थलबाट खट्टिएको एल.पि. टोलीहरुले २०:३० बजेको समयमा माओवादी विद्रोहीको हर्कत प्रत्यक्ष नदेखेको तर आसपासको ईलाकामा प्रशस्त खस्याक खुसुक, सऱ्याक सुरुक र हतियार कक गरेजस्तो आवाज सुनेको भनी पोष्टपति सह.से. दिनेश थापालाई प्रतिवेदन गरेको ।

सो घटनापछि पोष्टपति सह.से. दिनेश थापाले दक्षिणतर्फको एल.पि. टोली भएको लोकेशनमा आफै १/१० को संख्यामा पुगी देखभाग गर्दा पनि केही नदेखेको र त्यसपछि एक राउण्ड एस.एम.जि. र १ राउण्ड पायरोटेकनिक समेत फायर गरी एकछिन पछि केही पनि नदेखिएपछि पोष्टतर्फ फर्कि आएको ।

सो समयमा विद्रोहीहरु एल.पि. लोकेशन भन्दा नजिकै ५०/६० गज मुनी कोदो बारीको कान्लामा लपक्क लुकेर पूर्ण रुपमा सरप्राईज हासिल गरी अगाडी बढ्न सफल भएको । पोष्टपतिको टोली पोष्टमा फर्केपछि सबै जवानलाई एल.पि.ले शंकास्पद हर्कत भएको रिपोर्ट गरेको हुँदा सबैले राम्रोसंग ड्युटी गर्ने भनि

ब्रिफिङ्ग गरेर सुत्ने तरखर गरेको एकछिन पछि करिब २२:४५ बजेतिर अचानक अप्रत्यासीत रुपमा चारैतर्फबाट सशस्त्र विद्रोहीहरुको हमला भएको र एल.पि. टोलीहरु सो रातभर आफ्नो लोकेशनको आसपास कोदो वारी, झ्याङ्ग र ओडारबाट माओवादी आक्रमणकारीहरुको हर्कत र चलखेल देखेर, सुने बसेको ।

माओवादीहरुले आक्रमण शुरु गरेको केही समयपछि करिव २३:२० बजेतिर पोष्टपतिले सबै पोष्टका जवानहरुलाई हौसला दिदै जाने क्रममा जवान लाइनको छाना माथि रहेको दुवै पोष्टका जवानहरुलाई हौसला दिई बाहिर निस्केको । एस.एम.जि. बाट फायर खोल्दै अघि बढ्दा अचानक विद्रोहीले गरेको फायर घाँटी र छातीमा लाग्न भई पोष्टपति सह-से. दिनेश थापाले वीरगति प्राप्त गरेको र सहायक पोष्टपति जम.बाल कुमार गुरुङ्गले नेतृत्व लिई माओवादी विद्रोहीहरुको हमलालाई विफल तुल्याएको ।

अगाडि एसल्टमा बढेको विद्रोही सुरक्षा फौजको गोलीबाट मर्नासाथ या घाइते हुनासाथ तुरुन्त त्यसको पछाडि साइडबाट इभ्याकुएशन टोलीले पछाडि हटाउने गरेको र अर्को एसल्ट टोली पछाडिबाट अगाडी बढ्ने गरेको । त्यसपछि पुनः एकपछि अर्को एसल्ट टोली अगाडि छिटो छिटो बढाई रहेको । तर सुरक्षा फौजको अगाडि तिनको केही नलागी मरे मरे भन्दै रुँदै कराउदै पछाडि हटेको । माओवादी विद्रोहीहरु तर्फ ठूलो क्षति पुगेपछि मिति २०५९ कार्तिक ११ गतेको राती करिव ००:०१ बजेतिर माओवादीहरु भाग्न शुरु गरी रातभर हिंडेर बेसक्याम्प खर्सुबास आइपुगेको ।

**माओवादीको युद्धकला :**

क) शुरु हर्कत गर्दा ५/५ जनाको समूह बनाई हर्कत गर्ने गरेको । उक्त ५ जनामा १ जना एस.एल.आर., ३ जना ३०३ राईफल र १ जना डोको लिई हिड्ने गरेको । हर्कत गर्दा दिनमा गाउँ बस्ती छली जंगल खोलाको बाटो हिड्ने गरेको र राती गाउँमै बास बस्ने गरेको । गाउँबाट हिंड्न परेमा कर्फ्यु लगाई आफ्नो टोली पास भएपछि मात्र कर्फ्यु हटाउने गरेको । गाउँमा बास बस्दा जुन घरमा बास बसेको हो त्यसै घरका सदस्यहरुलाई नाता लगाई बस्ने गरेको । आफू बास बसेको घरमा १ जना सेन्ट्री २ वटा सकेट बम सहित खटाउने गरेको र साथै सुरक्षा फौज आउन सक्ने बाटोमा बिस्फोटक पदार्थ बिद्युतीय धराप समेत राख्ने गरेको ।

ख) रुम्जाटारको ७/८ घण्टा लाग्ने नजिक वरिपरिको ठाउँमा आइसकेपछि जम्मा भइ कुनै २०/२५ जनाको, कुनै ४०/५० जनाको, कुनै ८०/९० जनाको, कुनै १००/१५० जनाको र कतै ४००/५०० जनाको समेत समुह भई रुम्जाटारतर्फ लागेको ।

ग) हमला गर्दा निर्णायक रुपमा जित्ने हिसावले नै चारैतर्फबाट एकदमै ठूलो संख्यामा हमला गर्ने गरेको । पछाडिबाट हुटिङ्ग गरी आफ्नो टोलीलाई अगाडी बढ स्यावास स्यावास भन्ने गरेको ।

सुरक्षा फौजलाई “हामी तिमीहरुलाई मार्दैनौं हतियार बुझाउ, आत्मसमर्पण गर नत्र मर्नको लागि तयार हौ” भन्ने गरेको ।

घ) रुम्जाटार विमानस्थलमा आइसकेपछि पोष्टलाई चारैतर्फबाट घेरी शुरुमा प्रेशर कुकर बमको विस्फोटन गराई त्यसैको संकेतमा चारैतर्फबाट अन्य प्रेशन कुकर बम, सकेट बम, एल.एम.जि., एस.एल.आर., २” मोर्टर र रकेट लन्चरबाट एक साथ पोष्टमा फायर गरेको । सोही फायरको कभरमा ३०३ राइफल टोली सकेट बम सहित सुरक्षा फौजको पोष्टतर्फ सिधै हतियार खोस्न छिटो छिटो कलिङ्ग गर्दै अगाडी बढेको । अगाडि बढ्ने एसल्ट टोलीको ठीक पछाडि पोष्टको पूर्व र पश्चिमतर्फ हुटिङ्ग टोली जम्मा भई अगाडी बढ तेरो सेक्शन अगाडि ले १ प्लाटुन दायाँ, २ प्लाटुन बायाँ, मंगलसेन अगाडि बढ जस्ता कमाण्डहरु सुनिने गरेको ।

ङ) विद्रोहीहरुले एल.एम.जि. र एस.एल.आर. लाई सर्पोटिङ्ग हतियारको रुपमा प्रयोग गर्ने गरेको र सो सपोर्टिङ्ग ग्रुप पोष्टको ८/९ ठाउँ वरिपरि चारै तर्फ तैनाथ भई पोष्टतर्फ फायर गरेको ।

च) कारवाहीको दौरान सेटमा पोखा, पोखरा हामीले रुम्जाटारमा आक्रमण गरी सक्यौं कारवाही राम्रोसंग अगाडि बढी रहेको छ भनि खबर गरेको एल.पि. ले सुनेको हुँदा उनिहरुसंग सेट समेत भएको बुझिएको ।

छ) कार्वाहीको दौरान घाइतेलाई उपचार गर्न विमानस्थल वरिपरी ३ वटा उपचार केन्द्र खडा गरी घाइतेहरुको उपचार गरेको । उपचारको लागि डाक्टर आफूसंग साथमा ल्याएको । डाक्टर साहव भनिने व्यक्ति हिन्दी बोल्ने गरेको । सादा पोशाकमा सोझा केही गाउँलेहरुलाई समेत डोकोमा घाइते र मृतक बोक्न प्रयोग गरेको ।

ज) बाँसको भऱ्याङ्ग बनाई सोबाट वायर अब्स्टेकल क्रस गर्ने र स्ट्रेचर दुवैको काम लिएको । इम्प्रोभाइज्ड गरिकाले बनाएको स्ट्रेचरहरु १०/१२ वटा फेला परेको ।

झ) आक्रमण शुरु हुनु अगाडि लडाकु दस्तालाई डाइजेपाम र लागु पदार्थको इन्जेक्शन दिई अगाडि पठाउने गरेको । इन्जेक्शनको असरले छोडेपछि विद्रोहीहरुले मलाई इन्जेक्शन चाहियो भन्दै रुदै हिंडेको ।

ञ) रुम्जाटार आक्रमणमा हार खाई फर्किएका विद्रोहीहरुले आसपासमा कुरा गर्दै यसपाली ३५०० ले आक्रमण गऱ्यौं सकिएन अर्को पटक ७००० भएर आउने छौं भनेका र कसैले मेरो त गोली नै सकिसकेको जम्मा ३ गोली मात्र थियो भनेको ।

ट) रुम्जाटार आक्रमण गर्ने दिन ओखलढुङ्गाको पूरै सुरक्षा फौजलाई Contin गरिएको थियो । ओखलढुङ्गाको चारैतर्फ हजारौंको संख्यामा माओवादीहरुले घेरी गुल्म हे.क्वा. मा समेत

एल.एम.जि., एस.एल.आर. र सब मेसिन गन (एस.एम.जि) बाट उत्तरतर्फको ५०० मिटर टाढा पहाडको स्लोपदेखि गुल्म पेरिमिटरको करिव ५० गज अगाडिबाट अन्दाजी १५० राउण्ड फायर गरेको र २" मोर्टरबाट ५/६ वटा एच.ई. बम फायर गरेको । सो फायरबाट व्यारेक पेरिमिटर उत्तरतर्फको स्टाण्डटु पोष्टबाट २५ मिटर अगाडि २" मोर्टरको एच.ई.बम १ टक्केको र सोही पोष्ट नजिकको डमी ८१ मि.मि. मोर्टर व्यारलमा ७.६२ को १ गोली लागेको तर अन्य कुनै खास क्षति नभएको ।

ठ) विद्रोहीहरुले सो दिन ओखलढुङ्गा बजार वरिपरी घेरा हाली चारैतर्फ उज्यालो बत्ति र टर्च लाइट बालेको देखिएको । विद्रोहीहरुको मुख्य कमाण्डर अग्नि सापकोटा ओखलढुङ्गा बजारको १ कि.मि. उत्तरतर्फको चुट्टिमा बसी पूरै व्याटल केन्ट्रोल गरेको र रुम्जाटार हमलाको सफलतापछि तुरुन्त सोही हतियार ल्याई ओखलढुङ्गा आक्रमण गर्ने समेत तयार भएको तर रुम्जाटार मै हार खानु परेपछि विद्रोहीहरु चारैतर्फ भागेको ।

ड) स-साना बच्चा केटाकेटीहरुलाई सुरक्षा फौजको हर्कत बारे खबर गर्न ठाउँ ठाउँमा खटाएको । माओवादीहरुले सुरक्षा फौजको बारेमा खबर लिन हरसम्भव प्रयास गर्ने र त्यसका लागि पत्याउनै नसकिने स-साना केटाकेटी, बृद्धदेखि जो कोहीलाई पनि उपयोग गर्ने गरेको भन्ने बुझिएको ।

**सुरक्षा फौजतर्फ भएको क्षति :**

यस घटनामा रुम्जाटार विमानस्थल पोष्टमा पोष्टपति सह से. दिनेश थापा र गुल्म हे.क्वा. बाट रिइन्फोर्स गर्न जाने क्रममा एम्बुसमा परी सि. उत्तम श्रेष्ठले वीरगति प्राप्त गरेको थिए भने ८ जना सैनिक जवानहरु घाइते भएका थिए । जसको नामावली निम्न छन् :-

| सि.नं. | युनिट | दर्जा | नाम | कैफियत |
|---|---|---|---|---|
| १. | श्री रणसिंहदल गुल्म | नं. १३३६५८ हु. | नवराज खत्री | |
| २. | श्री रणसिंहदल गुल्म | नं. ११७७४३ अम. | भूप बहादुर कटवाल | |
| ३. | श्री रणसिंहदल गुल्म | नं. ११४५७१ अम. | रामलाल तामाङ्ग | |
| ४. | श्री रणसिंहदल गुल्म | नं. १३८७०८ अम. | हरि बहादुर खड्का | |
| ५. | श्री रणसिंहदल गुल्म | नं. १५६६६२ प्यु. | धन कुार रा.म. | |
| ६. | श्री रणसिंहदल गुल्म | नं. १६३११४ सि. | टोप बहादुर श्रेष्ठ | |
| ७. | श्री रणसिंहदल गुल्म | नं.१४४१५१ सि. | श्याम कुमार राई | |
| ८. | श्री रणसिंहदल गुल्म | नं. १४४१५१ सि. | लोक बहादुर श्रेष्ठ | |

उक्त घटनामा सशस्त्र विद्रोहीहरुलाई प्रत्याक्रमणको दौरान ७.६२ एम.एम. बाल राउण्ड १४२००, ९ एम.एम. बाल राउण्ड ९३९, ८१ एम.एम.एच.ई बम ४४, स्मोक बम १०, २" मोर्टर एच.ई.बम ५८ प्यारा बम ११, स्नाइपर राइफलको राउण्ड ९०, नं. ३६ ह्याण्ड गृनेड ३, प्लाष्टिक गृनेड ८७ र पाइरोटेक्निक १ खर्च भएको थियो ।

**माओवादी तर्फ भएको क्षतिः**

रुम्जाटार विमानस्थल वरपर र पैदल १ दिन लाग्ने टाढाको ठाउँसम्म भेटिएको खुल्ला र गाडिएको सहित विद्रोहीहरुको ५२ वटा शल फेला परेको । त्यसको अतिरिक्त १५०/२०० सम्म घाइते या मृत्यु भएको हुन सक्ने अनुमान गरिएको थियो । सर्चको दौरान फेला परेको हतियार, एम्युनिशन, विष्फोटक पदार्थ र बन्दोवस्तिका सामानहरु निम्न छन् :-

| सि.नं. | विवरण | एकाई | संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | ३०३ राईफल | नाल | १३ | |
| २. | ऐ. को मेग्जीन | गोटा | ११ | |
| ३. | ऐ. को राउण्ड | गोटा | ३९४ | |
| ४. | ९ मि.मि.को बाल राउण्ड | गोटा | ४४ | |
| ५. | ७.६२ मि.मि. को राउण्ड | गोता | २५० | |
| ६. | १२ बोर राईफल | नाल | १ | |
| ७. | ऐ. को गोली | गोटा | १२ | |
| ८. | म्याग्न राईफलको गोली | गोटा | १०७ | |
| ९. | नं. ३६ ह्याण्ड गृनेड | गोटा | १ | |
| १०. | प्लाष्टिक ह्याण्ड गृनेड | गोटा | ३ | |
| ११. | सकेट बम | गोटा | ५११ | |
| १२. | करुवा बम | गोटा | १ | |
| १३. | प्रेशर कुकर बम | गोटा | ७ | |
| १४. | भुस बम | गोटा | ४ | |
| १५. | बन्चरो | गोटा | १ | |
| १६. | डोको | गोटा | २४ | |
| १७. | फष्ट एड किट | गोटा | १ | |
| १८. | टर्च लाइट | गोटा | ५ | |
| १९. | क्यामरा | गोटा | १ | |
| २०. | वर्षादी | गोटा | ३ | |
| २१. | प्रसस्त औषधिहरु | | | |
| २२. | प्रसस्त लत्ता कपडाहरु | | | |

**सुरक्षा फौज तर्फका कमि कमजोरीहरू :**

क) पोष्टले आफूसंग भएको एसल्मट ब्रस्टर माइन र इम्प्रोभाइज्ड तरिकाले बनाएको विष्फोटक पदार्थको तार छुपाउने कार्य नभएकोले सो दिन उक्त माइन तथा विष्फोटनको तार विद्रोहीले पत्तालगाई काटेको हुँदा एउटा मात्र एसल्ट ब्रस्टर माइन पड्केको । तसर्थ : उक्त माईन तथा विष्फोटक पदार्थको प्रयोगबाट विद्रोही उपर खासै क्षति पुऱ्याउन नसकिएको ।

ख) पोष्टपति सह.से. दिने थापा दोहोरो गोली र बम चली रहेको बेला पोष्टबाट बाहिर खुलामा नआएको भए अर्थात एक्सपोज नभएको भए सुरक्षित हुन सक्ने संभावना भएको हुँदा त्यस्तो अवस्थामा केही होशियारी अपनाउनु पर्ने देखिन्छ ।

**भविष्यको लागि पाठ :**

क) ड्युटी बस्दा अति चंखो, सजग सतर्क भएर बस्नुपर्ने ।

ख) माइन तथा विस्फोटक पदार्थहरु र सो को तारलाई परि आएमा विद्रोहीहरु उपर ठुलो क्षति पुऱ्याउन सकिने गरी होसियारी पूर्वक जमिन मुनि गाडी क्यामोफ्लाइज तथा कन्सीलमेण्ट गर्नुपर्ने ।

ग) दोहोरो फायरिङ्ग भइरहेको अवस्थामा पोष्टपतिले भ्वाइसबाट से.मु. पोष्टको बीचमा पर्ने कुनै स्टाण्डटु पोष्ट वा आफ्नै कमाण्ड पोष्ट बाट अन्तर्गतका सहायक पोष्टपटि पथा पति पतिहरुलाई कमाण्ड कन्ट्रोल गर्नु उपयुक्त हुने ।

घ) कुशल एवं प्रभावशाली सैनिक नेतृत्व र डिफेन्स पोजिशनको राम्रो तयारी भएको खण्डमा जस्तोसुकै ठूलो विद्रोहीको हमलालाई पनि प्रतिकार गर्न सकिने ।

ङ) डिफेन्स पोजिशन तयार गर्दा अर्गनाइज्ड फर अल राउण्ड डिफेन्सको कन्सेप्टलाई ध्यान दिनु पर्ने ।

च) कम्युनिकेशन ट्रेन्चबाट पनि फायर गर्न मिल्ने गरी जिगज्याग पोजिशनमा ४/५ फिट गहिरो खन्नु पर्ने ।

छ) कम्युनिकेशन ट्रेन्च प्रत्येक स्टाण्डटु पोष्टहरुका साथै जवानहरु सुत्ने लाई भान्छा र प्रत्येक घरहरुमा जोडिएको बनाउन पर्ने ।

झ) प्रत्येक पोष्टमा एकापट्टि मानिस छिर्ने भाग मात्र खुल्ला राखी बाँकी भाग पूरै सिमेन्टेड गारोबाट या गोली र बमको स्प्लिन्टरको असर नपुग्ने गरी मजबुतसंग माटो या स्याण्ड ब्यागले बनाउनु पर्ने ।

ञ) प्रत्येक स्टाण्डटु पोष्टमा ओभरहेड प्रोटेक्शन बनाउने र पोष्टबाट टाउको मात्र देखिने हतियार चलाउनु र चारैतर्फ देखभाल गर्न मिल्ने बाहेक अनावश्यक खुल्ला नराखी बीच बीचमा स्याण्ड ब्याग राख्नु पर्ने ।

ट) प्रत्येक स्टाण्डटु पोष्टमा हतियारमा राउण्ड वा खोका अड्की रोक परेमा उक्त रोक तत्काल हटाउन काम दिने फलामे इम्प्रोभाइज्ड रड प्रत्येक हतियार सफाइको सामान टल्ली, ब्रुस समेत साथमा तयारी हालतमा राख्नु पर्ने ।

ड) प्रत्येक स्टाण्डटु पोष्टमा पिउने पानीको व्यवस्था गर्नुपर्ने ।

ढ) बोरा वा सुतलीलाई गोलो रुपमा डल्लो बनाई मट्टितेल वा मोविलमा भिजाई आगो लगाउन सलाई/लाइटर समेत तयारी हालतमा राखी विद्रोहीहरु आएमा आगो लगाई उनीहरुतर्फ फ्याँकी सोही उज्यालोमा फायर गरेमा केही हदसम्म प्यारा बमको कमीलाई पूरा गर्न सकिने ।

ण) माओवादीहरुले हाम्रो बारेमा खबर लिन हर तरहबाट प्रयास गर्ने र त्यसका लागि पत्याउनै नसकिने गरी बाल बालिका, बृद्ध, सोझा साझा गाउँलेदेखि कसैलाई पनि आफ्नो एजेण्टको रुपमा प्रयोग गरिरहेका हुन्छन् भन्ने कुरालाई सदा मनन् गरी आफ्नो ब्यारेक/पोष्ट वरिपरी अनाधिकृत व्यक्ति कसैलाई पनि हर्कत गर्न नदिने र आफूले हर्कत गर्दा पनि सकेसम्म छलेर हिड्ने या रातको समयलाई उपयोग गर्न विशेष ध्यान दिनु पर्ने ।

त) माओवादी विरुद्ध प्रतिकार गर्दा एक जवानले अर्को जवानलाई जोगाउनु र विद्रोहीहरुलाई हतोत्साही गराउन प्रयास गर्नुपर्ने ।

अन्तमा,

रुम्जाटार विमानस्थलमा तैनाथ सुरक्षा फौजले गरेको तयारी, हौसला तथा आत्म विश्वासका कारण आफूभन्दा झण्डै चौतिस गुणा बढी संख्या हातहतियारले सुसज्जीत भई आएका विद्रोही छापामारहको आक्रमणलाई समेत विफल तुल्याउन सफल भयो । पोष्टपतिले पोष्टका जवानहरुलाई माओवादीको हमलालाई निरन्तर प्रतिकार गरी विफल तुल्याउने निर्देशन दिने क्रममा वीरगति प्राप्त गरेतापनि सहायक पोष्टपति लगायत सकल दर्जाहरु हतोत्साही नभई अति सुझबुझ र बहादुरी पूर्वक मुकाविला गरी विद्रोहीहरुलाई पराजित गर्ने अनुकरणीय कार्य गरेको यो प्रथम सैनिक कारवाही हो । घटना घटेको लगत्तै प्रधान सेनापतिज्यूबाट रुम्जाटार विमानस्थल सुरक्षा सेनामुखको स्थलगत भ्रमण गरी सकल दर्जाले प्रदर्शन गरेको वीरता, सुझबुझ र बहादुरीको सह्राना गर्दै कदर स्वरुप सकल दर्जालाई एक तह माथिको पदोन्नती तथा नगद पुरस्कार प्रदान भएबाट यस कुराको पुष्टि गरेको थियो ।